म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २०७ बुधबार २३ फागुन २०८० ने. सं. ११४४ सिल्लागा 6 March 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मकवानपुरका दुई जना १० लाख नगदसहित पक्राउ

हेटौंडा, २२ फागुन/नेपाली नम्बरको ब्रेजा कार र १० लाख नगद रुपैयाँ सहित मकवानपुरका दुईजना रौतहट जिल्लाबाट पक्राउ परेका छन् । स्रोत नखुलेको १० लाख रुपैयाँ सहित दुवै जनालाई रौतहटस्थित प्रहरीले पक्राउ गरेको हो । पक्राउ पर्नेमा हेटौंडा उपमहानगरपालिका-३ बस्ने ३० वर्षीया मरमती मोक्तान र ३६ वर्षीय देवराज थिङ रहेको जिल्ला प्रहरीप्रमुख एसपी महेन्द्रकुमार श्रेष्ठले जानकारी दिए । इलाका प्रहरी कार्यालय बन्जरहाबाट गएको प्रहरीले टोलीले ईशनाथ नगर पालिका-१ स्थित गएराति शंका लागेर उनीहरुले प्रयोग गरेको प्र ३०१-०२३च ५३८५ नम्बरको कारलाई जाँच गर्ने क्रममा नगद सहित दुवै जनालाई पक्राउ गरिएको हो । कारमा पछाडि सवार देवराज थिङले बोकेको कालो रङको झोलाभित्र लुकाईछिपाई राखेको स्रोत नखुलेको नेपाली १ हजार दरको नोट ८५० थान र ५०० दरको ३०० थान जम्मा १० लाख रुपैयाँ सहित दुवै जनालाई पक्राउ गरिएको जिल्ला प्रहरीप्रवक्ता डिएसपी एलिजा गिरीले बताएकी छन् ।

# बागमतीमा संवादविहीन एमाले-माओवादी, काठमाडौं पुगे मुख्यमन्त्री

निशा गुरुङ

हेटौंडा, २२ फागुन/नयाँ सत्ता समीकरण बनेसँगै बागमती प्रदेशमा पनि सरकार गठनको र साकस्सी सुरु भएको छ । केन्द्रीय गठबन्धनमा नेपाली कांग्रेस बाहिरि एर नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र जनता समाजवादी पार्टी (जसपा)को गठबन्धन बनेको छ ।

गठबन्धनमा अन्य दललाई पनि ल्याउन राजनीतिक दौडधुप जारी छ । बागमती प्रदेशसभामा नयाँ गठबन्धनका रास्वपा र जसपा छैनन् । एमाले र माओवादीलाई सरकार बनाउन साना दलको समर्थन आवश्यक छ । बागमतीमा नयाँ सरकार गठनका लागि एमाले र माओवादी केन्द्रबीच नै संवाद सुरु भएको छैन । दुवै दल केन्द्रीय नेतृत्वको निर्णयको पखाईमा छन् ।

मुख्यमन्त्री शालिकराम जम्कट्टेल मंगलबार काठमाडौं लागेका छन् । बागमतीमा सरकार गठनको 'सिनारियो' नदेखिएको भन्दै जम्कट्टेलले प्रधानमन्त्री तथा माओवादी केन्द्र अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग भेट्दै छन् । यता एमाले बागमतीका शीर्ष नेताहरु पनि काठमाडौंमा जुटेका छन् । 'हाम्रा माननीयहरु पनि काठमाडौंमा हुनुहुन्छ । केन्द्रको स्पष्ट निर्णय आएमा काठमाडौंमै छलफल पनि हुनसक्छ ।', एमालेका एक सांसदले बताए । मंगलबारसँग एमाले र माओवादीबीच सरकारको विषयलाई लिएर संवाद हुन सकेको छैन ।

एमालेका प्रमुख सचेतक मधुसुदन पौडेलले माओवादीसँग संवाद अगाडि नबढेको र केन्द्रको निर्णयपछि मात्रै छलफल सुरु हुने बताए । 'अहिले संवाद भइसकेको छैन । हामी केन्द्रको निर्णयको पखाईमा छौं । सरकारको विषयमा नेतृत्वले नै टुंग्याउनु पर्छ', उनले भने । बागमतीमा माओवादी नेतृत्वको सरकार र प्रमुख प्रतिपक्ष रहेको एमालेबीच विगत ७ महिनादेखि बजेटको विषयलाई लिएर विवाद थियो । चालू आर्थिक वर्ष २०८०/८१ को बजेटमा विपक्षी दलका छुटेका योजना समेट्ने लिखित सहमति सरकारले कार्यान्वयन नगरेको आरोप लगाउँदै प्रतिपक्ष दल एमाले र राप्रपा विरोधमा थिए ।

बजेट विवाद सुल्झाउन १७ फागुनमा बसेको प्रदेशसभा बैठकले बजेट तथा कार्यक्रम व्यवस्थापन विशेष समिति गठन गरेको छ । बैठकको २० फागुनमा काठमाडौंमा बैठक पनि बसिसकेको छ । गठबन्धनमा फेरबदल आएसँगै प्रतिपक्षबाट सत्तापक्षको कित्तामा आएको एमालेले सहमति कार्यान्वयनमा जोड दिने बतायो । सचेतक पौडेलले सरकारमा गएपनि सहमति कार्यान्वयनमा जोड दिने उल्लेख गरे ।

बागमतीको मुख्यमन्त्रीमा एमालेले पनि दाउ हेरेको नेताहरु बताउँछन् । सत्ता समीकरणमा फेर बदल आएसँगै जम्कट्टेल मुख्यमन्त्रीको पनि टुंगो छैन । केन्द्रमा एमाले र माओवादीबीच कोशी र मधेश प्रदेशबाहेक पाँचवटा प्रदेशमा एमालेलाई ३ र माओवादीलाई २ मुख्यमन्त्रीको भागबण्डा लागेको चर्चा छ । नयाँ भागबण्डाअनुसार बागमती कुन दलले पाउने भन्नेमा निश्चित भइसकेको छैन । बागमती माओवादी केन्द्रकै भागमा परे जम्कट्टेल नै मुख्यमन्त्री रहनेछन् । एमालेको भागमा परे संसदीय दलका नेता जगन्नाथ थपलिया मुख्यमन्त्री हुनेछन् ।

बागमती प्रदेशमा सरकार गठनका लागि एमाले र माओवादीको मात्रै प्रदेशसभामा बहुमत पुग्न सक्दैन । त्यसैले अन्य कुन-कुन दललाई गठबन्धनमा सामेल गर्ने भन्नेबारे चर्चा सुरु भएको हो । यद्यपि नयाँ सत्ता गठबन्धनका दलहरु भने केन्द्रको निर्देशनको प्रतीक्षामा छन् । हाल बागमती प्रदेशमा माओवादी नेता जम्कट्टेल नेतृत्वको सरकारमा नेपाली कांग्रेस र एकीकृत समाजवादी छ । सरकारलाई समर्थन गरेको हाम्रो नेपाली पार्टी भने सरकार बाहिर छ ।

११० सदस्यीय प्रदेश सभामा सरकार गठनका लागि ५६ सांसदको समर्थन आवश्यक पर्छ । प्रदेशसभामा कांग्रेसको ३७, एमालेको २७, माओवादीको २१, राप्रपाको १३, एकीकृत समाजवादीको ७, नेपाल मजदुर किसान पार्टीको ३ र हाम्रो नेपाली पार्टीको २ सदस्य छन् । एमाले र माओवादीको कुल सांसद संख्या ४८ छन्, प्रदेशसभामा बहुमत पुऱ्याउन उनीहरुलाई थप ८ जनाको समर्थन चाहिन्छ । यदि एमाले-माओवादीले राप्रपाको समर्थन लिएमा सहजै सरकार बन्छ ।

तर, उनीहरुले राप्रपालाई सहभागी नगराउने निर्णय गरिसकेका छन् । एमाले-माओवादीले एकीकृत समाजवादीलाई गठबन्धनमा सहभागी गराउँदा पनि आवश्यक बहुमत पुग्दैन । तर, एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टी दुवैलाई सहभागी गराए मात्र प्रदेशसभामा बहुमत पुग्छ । नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता तथा आर्थिक मामिला तथा योजनामन्त्री बहादुरसिं लामा र खानेपानी, उर्जा तथा सिंचाइमन्त्री तीर्थ लामा यतिबेला विदेश भ्रमणमा छन् । उनीहरु स्पेन, फ्रान्स, पोर्चुगललगायत अन्य ५ देशको भ्रमणमा गएका हुन् ।

# बालजागृति पहिलो बालमैत्री संस्थागत विद्यालय




साझाकुरा संवाददाता

हेटौंडा, २२ फागुन/ हेटौंडा उपमहानगरपालिकाभित्रका तीनवटा विद्यालय मंगलबार एकैदिन बालमैत्री घोषणा भएका छन् । हेटौंडा उपमहानगरपालिकाको बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिकाले तोकेको सूचक पूरा गरी दुई सामुदायिक र एउटा संस्थागत विद्यालय बालमैत्री विद्यालय घोषित भएका हुन् ।

उपमहानगरले तोकेको ११ सूचक भित्रका २६ बुँदे कार्यहरु पूरा गरेर हेटौंडा–२ स्थित बालजागृति ईंगलिस सेकेण्डरी स्कुललाई बालमैत्री विद्यालयका रुपमा घोषणा गरिएको छ । विद्यालयको बालमैत्री घोषणा कार्यक्रममा उपमहानगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यता रहेको थियो । यस्तै, हेटौंडा-२ बासुदेव मार्गस्थित बालजागृति बोर्डिङ स्कुल संस्थागततर्फ बालमैत्री विद्यालय बन्न सफल भएको छ ।

बाजागाजा सहित निकालिएको ऱ्यालीले नगरपरिक्रमा गरेको थियो । बालमैत्री विद्यालय घोषणा भएसँगै यसलाई निरन्तरता दिन विद्यालय प्रतिबद्द रहेको प्रिन्सीपल विनोद सुवेदीले बताए । हेटौंडा उपमहानगरपालिका भित्र सामुदायिक र संस्थागत गरी १ सय १२ विद्यालय छन् । कार्यक्रममा विद्यालयका उत्कृष्ठ शिक्षकहरु प्रेम हमाल, अमुल श्रेष्ठ, उमेश अर्याल, एसइइमा उत्कृष्ठ नतिजा प्राप्त गर्ने विद्यार्थीलगायतलाई सम्मानीत गरिएको थियो ।

विद्यालयका अध्यक्ष दिनेश भण्डारीको सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा-२ का वडाअध्यक्ष बिष्णुगोपाल महर्जन, हेटौंडा-११ कि वडाअध्यक्ष जुना दाहाल, मकवानपुर बहुमुखी क्याम्पस प्रमुख शंकरप्रसाद उपाध्याय, हेटौंडा उपमहानगरकी महिला बालबालिका अधिकृत बिष्णुकुमारी लामिछाने, प्याब्सनका मदन दाहाल, श्रमिक माविका प्रअ श्रीराम दाहाल, सृष्टि टोल विकास सस्थाकी अध्यक्ष सीता तिमल्सिनालगायतले शुभकामना मन्तब्य ब्यक्त गरेका थिए ।

# एमालेको प्रमुख सचेतकमा महेश बर्तौला



साझाकुरा संवाददाता

हेटौंडा, २२ फागुन/ नेकपा एमालेको प्रमुख सचेतकमा महेशकुमार बर्तौला चयन भएका छन् । बर्तौला मकवानपुर क्षेत्र नम्बर २ बाट निर्वाचित प्रतिनिधि सभा सदस्य हुन् ।

एमाले प्रमुख सचेतक पदम गिरी मन्त्री नियुक्त भएपछि बर्तौलाले प्रमुख सचेतकको जिम्मेवारी पाएका हुन् । उनी यसअघि सचेतकको भूमिकामा थिए । अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु)को उपाध्यक्षसमेत भइसकेका बर्तौला यसअघि पार्टी बागमती प्रदेशको उपसचिव थिए ।

बर्तौलाले ४ मंसिर २०७९ मा पहिलोपटक निर्वाचन लडेर विरोध खतिवडालाई पराजित गरेका थिए । पहिलो पटकमै निर्वाचन जितेर चर्चा कमाएका बर्तौलालाई पूर्वप्रधानमन्त्रीसमेत रहेका एमाले अध्यक्ष केपी शर्माओलीले निरन्तर महत्वपूर्ण भूमिका दिँदै आएका छन् ।

यसैगरी, नेता ओलीले सचेतकमा भने सुनिता बराललाई मनोनित गरेका छन् । उनी पनि पहिलोपटक प्रतिनिधिसभामा समानुपातिकबाट गएकी हुन् ।

# ३ नम्बर पुलमा बस दुर्घटना, २८ घाइते

साझाकुरा संवाददाता

हेटौंडा, २२ फागुन/ बाराको ३ नम्बर पुल बजारस्थित पक्की पुलबाट यात्रुबाहक बस खोलामा खस्दा घाइते हुनेको संख्या २८ जना पुगेको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरले २८ जना घाइते भएको जनाएको हो ।

प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीकाअुनसार घाइतेहरुको हेटौंडा अस्पतलमा उपचार भइरहेको छ । धादिङबाट नारायणगढ हुँदै विराटनगरका लागि हिँडेको ना ६ ख ९०३० नम्बरको बस मंगलबार अपरान्ह ३ नम्बर पुल बजार नपुग्दैको पक्की पुलबाट २० मिटर तल खोलामा खसेको प्रहरीले जनाएको छ ।

दुर्घटनापछि इलाका प्रहरी कार्यालय अमलेखगञ्जको टोलीले घाइतेको उद्दार गरी उपचारका लागि हेटौंडातर्फ पठाएको हो । बारा प्रहरीप्रवक्ता तथा प्रहरी नायवउपरीक्षक दधिराम न्यौपानेले दिएको जानकारी अनुसार मकवानपुर, हेटौंडा-१२ का छेसन लामा, बिष्णु लामा, बिराटनगर बस्ने वर्ष २५ को रबिन मगर, चितवन, भरतपुर-८ बस्ने वर्ष ४८ का दीपेन्द्रकुमार ठाकुर घाइते भएका छन् ।

भरतपुर-८ वर्ष ४० कि कबिता ठाकुर, भरतपुर-१० बस्ने वर्ष २८ की राखी साह, वर्ष २१ की अस्मी साह, हेटौंडा-१२ पदमपोखरीकी सबिना घलान र १८ महिनाको छोरीको होटौंडा अस्पतालमा उपचार भइरहेको छ ।

मकवानपुरको थाहा ननगरपालिका-३ का दिलकुमारी बिक, धनुषाका वर्ष ३२ कि प्रिंयका यादव, वर्ष ४१ का रन्जित यादव घाइते भएको प्रहरीले जनाएको छ ।

# प्रदेश राष्ट्रपति रनिङशिल्डमा मकवानपुर चौथो

साझाकुरा संवाददाता

हेटौंडा, २२ फागुन/ चितवनमा भएको बागमती प्रदेशस्तरीय राष्ट्रपति रनिङशिल्डमा काठमाडौं च्याम्पिय बन्दा मकवानपुर चौथो स्थानमा समेटिएको छ ।

विभिन्न ६ खेल समावेश प्रतियोगितामा काठमाडौं ३१ स्वर्ण, १२ रजत ९ कास्यसाथ सग्रमा टिम च्याम्पियन बनेको हो । बागमती प्रदेश खेलकुद विकास परिषद्ले आयोजना गरेको प्रतियोगितामा चितवन १० स्वर्ण, ६ रजत र १३ कास्यसहित दोस्रो हुन सफल भएको बागमती प्रदेश बोर्ड सदस्य तथा कार्यक्रम संयोजक अभिलाष मैनालीले जानकारी दिए । प्रतियोगितामा ललितपुर तेस्रो हुँदा मकवानपुरले चौथो स्थानमा चित्त बुझायो ।

ललितपुरले ५ स्वर्ण, ४ रजत र ६ कास्य जितेको हो । मकवानपुरले ४ स्वर्ण, २ रजत र १२ कास्य प्राप्त गर्न सफल भयो । मकवानपुरले एथ्लेटिक्स विधामा ३ स्वर्ण र तेक्वान्दोमा १ स्वर्ण गरी ४ स्वर्ण जित्न सफल भएको हो । प्रतियोगितामा विजेतालाई बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव सूर्यलाल भण्डारीले पुरस्कार वितरण गरेका थिए । प्रतियोगितामा कराते, तेक्वान्दो, भलिबल, कबडी, उसु र एथ्लेटिक्स विधाका खेलहरु सञ्चालन भएका थिए ।


सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

brother at your side
Japanese Excellence
Nepal's No.1
Brother Printer निःशुल्क सर्भिस क्याम्प
र एक्सचेन्ज अफर २०८०
School Road
हेटौंडा, मकवानपुर
फागुन २४,२५,२६ गते




Print Shop
Support By Toner House
9855071140 057527041
tonerhouse4@gmail.com
In association with
baleyo.com SAGAR

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरुः
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।




सम्पर्क कार्यालयः
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

साझाकुरा

## हाम्रो कुरा

# सत्ता फेरबदलमा जोडबल

नेपालको राजनीति बुझ्न जोसकैलाई सहज छैन । कुनबेला बादल लाग्ने हो पत्तो हुँदैन । जनताप्रति उत्तरदायी बन्नुपर्ने जनप्रतिनिधि सत्ताप्रति उत्तरदायी देखिएका छन् । जनताका समस्या बढ्दो छ । एक पटक सत्तामा पुगेपछि सात पुस्तालाई पुग्ने गरी कमाउने ध्यान मात्र देखिन्छ ।जनमतको चरम दुरुपयोग भएको छ । राजनीतिक दलप्रतिको निराशा बढ्दो क्रममा छ । केन्द्रीय सत्ता गठबन्धनमा उलटपुलट आएसँगै बागमतीमा पनि सरकार फेरबदल निश्चित प्राय: देखिएको छ । नेपाली कांग्रेस नेतृत्वको सत्ता गठबन्धन भत्किएर नेकपा एमालेसहितको नयाँ सत्ता गठबन्धन बन्ने भएपछि बागमतीमा पनि जोडघटाउ सुरु भएको छ । बागमतीमा नेकपा माओवादी केन्द्रको नेतृत्वमा नेपाली कांग्रेस र नेकपा (एकीकृत समाजवादी) को सरकार छ । सरकारलाई समर्थन गरेको हाम्रो नेपाली पार्टी (हानेपा) भने हालसम्म सरकारमा सहभागी छैन । बागमतीमा हाल माओवादी केन्द्रका शालिकराम जम्कट्टेल मुख्यमन्त्री छन् । सत्तासमीकरणमा फेरबदल आएसँगै उनको मुख्यमन्त्रीको पनि टुंगो छैन ।

केन्द्रमा एमाले र माओवादीबीच कोशी र मधेश प्रदेशबाहेक पाँचवटा प्रदेशमा एमालेलाई ३ र माओवादीलाई २ मुख्यमन्त्रीको भागबण्डा लागेको चर्चा छ । नयाँ भागबण्डाअनुसार बागमती कुन दलले पाउने भन्नेमा निश्चित भइसकेको छैन । बागमती माओवादी केन्द्रकै भागमा परे जम्कट्टेल नै मुख्यमन्त्री रहनेछन् । एमालेको भागमा परे संसदीय दलका नेता जगन्नाथ थपलिया मुख्यमन्त्री हुनेछन् । जसकारण प्रदेशको भागबण्डा नटुंगिएसम्म मुख्यमन्त्री जम्कट्टेलकै कार्यकालको टुंगो नलागेको हो । भागबण्डाको टुंगो नलागेसम्म औपचारिक रुपमा कुरा अगाडि नबढ्ने संकेत देखिएको छ । माओवादी र एमालेको सरकारको विषयमा संवाद हुन सकेको छैन । केन्द्रबाट भागबण्डाको टुंगो लगाएपछि मात्रै संवाद हुने सम्भावना छ । बागमतीमा पछिल्लो ७ महिनादेखि एमाले र माओवादीको सम्बन्ध राम्रो छैन । बजेटमा विपक्षीका योजना समेट्ने सहमति गरेर मुख्यमन्त्री जम्कट्टेलले कार्यान्वयन नगरेपछि एमाले र राप्रपा रुष्ट बनेका थिए । जम्कट्टेले सहमति कार्यान्वयनमा देखाएको व्यवहारले एमाले मुख्यमन्त्री परिवर्तनमै लाग्न सक्ने चर्चा पनि छ । माओवादी र एमालेबीचको बजेट विवाद केन्द्रसम्म पुगेको छ । मुख्यमन्त्रीप्रति एमालेको असन्तुष्टी पहिल्यैदेखि हो । सायद एमालेले मुख्यमन्त्रीमा दाबी गर्न सक्छ । बागमतीमा सत्तासमीकरण फेरबदलमा भने राप्रपा र हाम्रो नेपाली पार्टी (हानेपा) निर्णायक बनेका छन् । ११० सदस्यीय प्रदेशसभामा सरकार गठनका लागि बहुमत ५६ सदस्य आवश्यक पर्दछ । प्रदेशसभामा कांग्रेसको ३७, एमालेको २७, माओवादीको २१, राप्रपाको १३, एकीकृत समाजवादीको ७, नेपाल मजदुर किसान पार्टीको ३ र हानेपाको २ सदस्य छन् । नयाँ गठबन्धनका नेकपा एमाले र माओवादी केन्द्रको सिटले मात्रै बागमतीमा सरकार सञ्चालन हुने अवस्था छैन । एमालेको २७ र माओवादी केन्द्रको २१ सिटले ४८ हुन आउँछ ।

एमालेबाट अपसरा चापागाईं उपसभामुख छिन् । एमाले र माओवादीलाई नयाँ सत्तासमीकरणमा सहजै बहुमत पुऱ्याउन राप्रपालाई सरकारमा ल्याउनुपर्ने हुन्छ । प्रदेशसभामा राप्रपासँग १३ सिट छ । राप्रपाका भुवनकुमार पाठक सभामुख छन् । एमालेको २६, माओवादीको २१ र राप्रपाको १२ सिट जोड्दा ५९ हुनेछ । जुन सरकार लागि पर्याप्त बहुमत हो । गत २६ पुसमा पनि यी तीन दलले सरकार गठन गरेक थिए । राप्रपा सरकारमा नजाने हो भने बहुमत पुऱ्याउन नेकपा एकीकृत समाजवादी र हानेपाको समर्थन आवश्यक पर्नेछ । एकीकृत समाजवादी ल्याएर मात्रै पनि सरकारलाई बहुमत नपुग्ने भएकाले हानेपाको साथ निर्णायक बनेको हो । एमाले, माओवादी, एकीकृत समाजवादी र हानेपाको गरेर ५७ सिट हुन आउँछ । जुन सरकारका लागि पर्याप्त हो । बागमतीमा नेपाली कांग्रेस, राप्रपा र नेकपा (एकीकृत समाजवादी)को पनि सरकार गठनका लागि सिट पुग्छ । कांग्रेस, राप्रपा र एकीकृत समाजवादी गरी ५७ सिट हुन आउँछ । राप्रपाले आन्दोलनमा रहेकाले सरकारमा जान/नजाने ठेगान छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८० फागुन २४ गते बिहीबार ७ मार्च २०२४ । द्वादशी, माघ कृष्णपक्ष । सिल्लागा ११४४ ने.सं. । सूर्योदय ६:२४, सूर्यास्त ६:०७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : यात्रामा कष्ट मिल्नेछ | **तुला** | : आत्म-विश्वास बढ्नेछ |
| **वृष** | : त्रासमय दिन हुनेछ | **वृश्चिक** | : विशिष्ट व्यक्तिसँग भेटघाट हुनेछ |
| **मिथुन** | : खानपिन राम्रो हुनेछ | **धनु** | : पारिवारिक जमघट हुनेछ |
| **कर्कट** | : शरीरमा बाधा पुग्न सक्नेछ | **मकर** | : स्वादिष्ट भोजनको आनन्द मिल्नेछ |
| **सिंह** | : मन पर्ने उपहार पाइने योग छ | **कुम्भ** | : कामबाट फुर्सद मिल्नेछ |
| **कन्या** | : प्रतिष्ठित काम गर्ने मौका छ | **मीन** | : सहयोगीको राम्रो साथ पाइनेछ |

# लोक कल्याणकारी राज्यका लागि यसो गरे कसो होला ?



✍ कृष्ण हुमागाई

आधारभूत सवालमा सामाजिक उत्तर दायित्व राज्यले वहन गरे मात्र लोक कल्याणकारी राज्यको अनुभूति नागरिकले गर्न पाउँछन् । लोकतन्त्रमा आफ्ना नागरिकप्रति राज्य उदासीन बन्न मिल्दैन । हाम्रो मुलुक गरिब र पछौटे छ तर यहीँको स्रोत-साधनलाई न्यायोचित वितरण गरी व्यवस्थापन गर्न सकिन्छ । लोक कल्याणकारी राज्यका रूपमा सरकारले दिँदै आएको वृद्धभत्ता, औषधी उपचार, बिमा, पेन्सन तथा उपदानलाई व्यवस्थित गर्न सकिन्छ । यी सुविधालाई आर्थिक वर्गका आधारमा स्वेच्छिक गर्न सकिन्छ । कसैले म यस्तो सुविधा लिन्नँ भन्यो भने त्यस्तो घोषणा गर्ने नागरिकलाई राज्यले स-सम्मान कदरपत्र प्रदान गर्नुपर्छ । धनीहरूबाट स-सम्मान बढी कर लिएर गरिबहरूको हितमा खर्च गर्ने परिपाटीको विकास गर्न आवश्यक छ । लोक कल्याणकारी राज्यका लागि हामीले के के गर्न सक्छौं, यसमा चर्चा गरौं ।

**अनिवार्य स्वास्थ्य बिमा**

गरिबका लागि वरदान साबित हुँदै गरेको स्वास्थ्य बिमा सबैका लागि अनिवार्य गरिनुपर्छ । धनीहरू निजी अस्पताल र विदेशका महँगा अस्पतालमा उपचार गर्न गए भने पनि उनीहरूले बिमा गरेको पैसाले गरिबलाई नि:शुल्क उपचार गर्न धेरै सहज हुन्छ । सबैलाई स्वास्थ्य बिमामा अनिवार्य गर्ने हो भने अहिलेको एक लाखसम्मको बिमा सुविधा रकममा वृद्धि गरेर १० लाखसम्मको पुऱ्याउन सकिन्छ । सबैले स्वास्थ्यबिमा अनिवार्य गर्नुपर्ने कानुन बनाइनुपर्छ । कोही कसैले दिनको १० रुपैयाँ पनि बचत गर्न सक्दैन र एक वर्षको बिमा रकम तीन हजार ५०० तिर्न सक्दैन भने सम्बन्धित वडा कार्यालयमा सार्वजनिक सूचना आह्वान गरेर निवेदन लिई सरकारले नै बिमा शुल्क तिरिदिनुपर्छ । यस्ता असहाय, विपन्न नागरिकलाई गाँस, बास र कपासको व्यवस्था राज्यले नै गर्नुपर्छ ।

गरिबमा पनि अति विपन्न, विपन्नजस्ता वर्ग छुट्ट्याएर केही प्रतिशत बिमा राज्यले तिरिदिई बिमाको भुक्तानी दाबीलाई बढाएर एक लाखबाट कम्तीमा दश लाख पुऱ्याइनुपर्छ । धनी वर्गले आफैं अनिवार्य बिमा गर्ने र दश लाखको बिमा दाबी भुक्तानी व्यवस्थालाई कायम राखिनुपर्छ । विपन्नको सुविधा लिएर बैंकबाट कर्जा लिनेलाई रोक लगाइनुपर्छ । विपन्न पनि हुँ भन्ने र बैंकबाट कर्जा पनि माग गर्ने कुरा सुहाउँदो भएन । गरिब हो भने गरिबीको सुविधामा बस्नुपऱ्यो, सक्षम हो भने आफ्नो बिमा आफैं गर्नुपऱ्यो । बिमाको नियमित औषधी सेवन गर्नेहरूलाई स्वास्थ्य परीक्षण र औषधीको व्यवस्था सम्बन्धित वडाको स्वास्थ्य कार्यकर्तामार्फत गराइनुपर्छ । जटिल प्रकृतिको रोग लागेमा आर्थिक वर्गका आधारमा औषधी उपचारको प्रबन्ध राज्यले मिलाउनुपर्छ । आर्थिक रूपमा सक्षमले आफैं उपचार गरेर सभ्य नागरिकको परिचय दिइहाल्छन् ।

नेपालको जुनसुकै स्थानमा बिमा गरेको मानिसले देशको जुनसुकै अस्पतालमा बिमा कार्ड देखाएर नि:शुल्क स्वास्थ्य सेवा पाउने नियम बनाइनुपर्छ । यसमा निजी र सरकारी भन्ने कुरै आउँदैन । सबै अस्पतालले बिमा गरेका बिरामीको औषधोपचार प्राथमिकताका साथ गर्नैपर्ने अन्यथा कारबाही हुने कानुनी प्रबन्ध तत्काल मिलाइनुपर्छ । सबैलाई अनिवार्य स्वास्थ्य बिमामा समावेश गराएपछि देशका सबै अस्पतालमा बिमाबाट औषधि उपचारको प्रबन्ध मिलाउन सकिन्छ । किनकि सबै मानिस एकैपटक सामान्यत: बिमारी हुँदैनन्, महामारीका बेलाबाहेक । स्वस्थ मानिस रोगी बनेर बिनाकारण औषधी खान पनि जाँदैन, चाहँदैन । औषधी खाएर आयु लम्ब्याउनु भनेको बाध्यतामा बाँच्नु हो । मानिस बाध्यताको आयुभन्दा सहज जीवन जिउन चाहन्छ । रोगै लागेपछि वा दुर्घटना भएपछि अस्पताल जानैपऱ्यो । उपचार गराउनैपऱ्यो ।

**वृद्धभत्ता**

वृद्धभत्तालाई विभेदकारी बनाइनु हुँदैन । सबै जातलाई एउटै उमेर समूहबाट यस्तो भत्ता पाउने प्रबन्ध हुनुपर्छ । एकल महिला, पुरुषका हकमा जुन उमेरको भए पनि दिए हुन्छ । दोहोरो भार र मार राज्यलाई नपर्ने गरी यसको वितरण हुनुपर्छ । जस्तो : २५ वर्षको हुँदा विधवाभत्ता पाएकाले ६८ भएपछि जुन भत्ता बढी हुन्छ, त्यो दिएर अर्को भत्ता कटौती गरिनु उचितै हुन्छ, तर एकाघर सगोल परिवारमा कोही सहारा छैन भने यस्तो अवस्थाको एकललाई भत्ता यथावत राखिनुपर्छ । सरकारी सेवा-सुविधा र निवृत्तिभरण लिनेको एकाघर परिवारलाई पनि वृद्धभत्ताको दायराबाट अलग गरिनुपर्छ । एकै परिवारलाई राज्यको दोहोरो सुविधा दिनु उचित हुन्न । अहिले हाम्रो राज्यले यस्तो प्रकारको अनावश्यक आर्थिक भार थेग्न सक्दैन ।

वृद्धभत्ता आर्थिक रूपमा विपन्नलाई मात्र दिए हुन्छ । तीन करोडको गाडी चढेर महिनाको चार हजार भत्ता थाप्न जानेलाई नै लाज लाग्नुपर्ने हो । यसका लागि क, ख, र ग वर्गको वर्गीकरण गरेर भत्ता वितरण गरिनु उचित हुन्छ । क अति विपन्न, ख विपन्न र ग आर्थिक रूपमा कमजोर गरी तीन वर्ग बनाउन सकिन्छ ।

क वर्ग : चल-अचल सम्पत्ति र रोजगारी नभएको नागरिक ।
ख वर्ग : बसोबाससम्म भएको रोजगारी नभएको ।
ग वर्ग : अचल सम्पत्ति भएको चल र रोजगारी नभएको । अर्थात् सम्पूर्ण सम्पत्ति एक करोडभन्दा कम भएकालाई माथि उल्लिखित तीन वर्गमा वर्गीकरण गरेर अन्यलाई वृद्ध भत्ता लिने वा नलिने स्वेच्छिक घोषणा र माग निवेदन लिएर वितरण प्रक्रिया थाल्नुपर्छ । यस्तोमा क वर्गलाई १० हजार, 'ख'लाई ८ हजार र 'ग'लाई मासिक ६ हजारका दरले उपलब्ध गराउन सकिन्छ । किनकि वर्गीकरण गर्नसाथ भत्ता लिने आधा जनसंख्या घटिहाल्छ ।

वृद्धभत्ता लिएको परिवारको एकाघर सगोलको परिवारको सदस्यले बैंकिङ कारोबार गर्दा कर्जा नपाउने नियम बनाइएमा उद्योग-व्यापार गर्नेहरूले राज्यबाट लिँदै आएको यस्तो सुविधा स्वत: कटौती भएर जान्थ्यो र राज्यलाई भार पर्ने थिएन । किनकि विपन्नले यस्तो सुविधा लिने हो । कर्जा त बैंकले सम्पत्ति हुनेलाई दिने हो । तसर्थ बैंकबाट धनी छु भनेर कर्जा लिने अनि राज्यलाई गरिब-विपन्न छु भनेर सुविधा खानेहरू आफैं ठेगान लाग्ने थिए । भत्ता लिइरहेको अवस्थामा कोही कसैको चामत्कारिक आर्थिक प्रगति भएमा त्यस्तो व्यक्तिलाई पनि भत्ताको दायराबाट वर्गीकरण गरी अलग गरिनुपर्छ । कसैले सम्पत्ति भएर पनि भत्तामा दाबी गरिरहन्छ भने सम्पूर्ण सम्पत्तिको कबुलियतनामा गराएर 'ढाँटे-छलेको छैन, त्यस्तो गरेको ठहरिएमा राज्यले मेरो चल-अचल सम्पत्ति जफत गर्दा मञ्जुरी छ' भन्ने फारम भराएर ठहरिएको खण्डमा जफत गर्ने प्रक्रियालाई द्रूत गतिमा अघि बढाइनुपर्छ ।

**निवृत्तिभरण र उपदान**

सेवा निवृत्त राष्ट्रसेवक कर्मचारीको संख्या दिनानुदिन बढ्दै गएको, तलब-भत्ता र निवृत्तिभरण पनि प्रत्येक वर्ष बढ्दै गएका कारण राज्यलाई थेग्न मुस्किल हुने गरी आर्थिक भार परिरहेको छ । सरकारी सेवामा रहँदा उचित, अनुचित अनेक ढङ्गले अकुत सम्पत्ति कमाएका धनाढ्य र सामान्य आर्थिक अवस्थाका सेवानिवृत्तलाई एकै प्रकारको निवृत्तिभरण हुनु हुँदैन । यसमा पनि योगदानमा आधारित निवृत्तिभरण कार्यक्रम आर्थिक वर्गका आधारमा लागू गरिनु उचित हुन्छ । सेवा निवृत्त भएर पनि ठुल्ठुला उद्योग, व्यापार, व्यवसाय सञ्चालन गरिरहेकालाई निवृत्तिभरणको दायित्वबाट अलग गरिनुपर्छ । मलाई अब राज्यले निवृत्तिभरण दिनुपर्दैन भनेर स्वघोषणा गर्ने व्यक्तित्वलाई राज्यले सम्मान, कदर गर्नुपर्छ । उपदानको हकमा पनि उपदान लिएका बखतको भन्दा धेरै नै आर्थिक उपलब्धि र प्रगति भएकाहरूले स्वघोषणामार्फत राज्यलाई उपदान फिर्ता गरेर देश र जनताको सेवा गर्ने अवसर राज्यले प्रदान गर्नुपर्छ । बाँचुन्जेलसम्म हो सम्पत्ति । कसैको सम्हालिनसक्नु र कसैको सम्हाल्नै नपाउने अवस्था हुनु भएन लोकतन्त्रमा । राजा, राणा र पञ्चले हरिकङ्गाल बनाएर धनी र गरिबबिचको भयानक खाडल बनाएको हाम्रो मुलुक्लाई समानतामा आधारित लोक कल्याणकारी उन्नत लोकतान्त्रिक देश बनाउनुछ । यसमा सच्चा लोकतन्त्रवादीले उदार मनले गरिबको कल्याण हुने कार्यक्रम बनाउनैपर्छ ।

**जनताप्रति वफादार आवधिक नेतृत्व**

लोकतन्त्रमा जनताभन्दा शक्तिशाली अरु कोही हुँदैन । यहाँ त दलका शीर्ष नेताहरूको सिन्डिगेट सर्वशक्तिमान भइदिँदा जनतामा लोकतन्त्रको मर्मविपरीतको भावना पैदा हुन थालेको छ । जनताले चाहेको, सोचेको लोकतन्त्र र नेताले भोगेको लोकतन्त्रमा ठुलो अन्तर देखिन थालेको छ । जनताको काम सरकारी अड्डाबाट सहज र सरल ढङ्गमा हुँदैन । घुस नखुवाइ जनताको काम नबन्ने व्यवस्था लोकतन्त्र हुनै सक्दैन । लोकतन्त्रमा जनताले सास्ती हैरानी पाउनै हुँदैन । यो जनताले ल्याएको जनताको व्यवस्था हो कुनै राजा-महाराजा वा कुनै निरंकुश, अधिनायकवादी शासकको मर्जीको व्यवस्था होइन । त्यसैले जनतालाई रैती सम्झिएर शासन चलाउन खोज्नेको राजनीतिक अन्त्य लोकतन्त्रमा चाँडै हुन्छ । लोकतन्त्रमा जनतालाई लामो समय झुक्याउन सकिन्न, किनकि यहाँ हरेक पाँच-पाँच वर्षमा आवधिक निर्वाचन हुने व्यवस्था छ ।

**पटक-पटकको अवसरमा बन्देज**

राजनीतिक पार्टी सत्ता र शासकीय सत्तामा एकै व्यक्ति वा परिवार बारम्बार दोहोरिएर टाँसिइरहने प्रवृत्तिले लोकतन्त्रको सुन्दरतामा धब्बा लागेको छ । एक व्यक्ति, एक पद र एकपटकको स्वेच्छिक नीति लागू गरेमा धेरै समस्याको हल हुने देखिन्छ । चुनावमा उम्मेदवार हुँदा नै म एकपटकका लागि मात्र यो पदको उम्मेदवार हो भन्ने स्वेच्छिक कबुलियतनामा गराउने हो भने जनताले पटक-पटक पदमा जान चाहनेलाई पहिलोपटकमै चुनावको मैदानमै ठेगान लगाइदिने थिए । राष्ट्रिय आवश्यकताका आधारमा कोही कतै एकाध व्यक्तिहरू दोहोरिन पनि सक्छन् । यसका लागि स्वेच्छिक एकपटक र अनिवार्य दुईपटकभन्दा बढी एउटै पदमा उम्मेदवार हुन नपाउने प्रावधान संविधानमै व्यवस्था गरिनुपर्छ । त्यसो भयो भने राजनीतिलाई कमाइखाने भाँडो बनाउने र भ्रष्टीकरण गराउनेहरू व्यापार व्यवसाय गरेर वैधानिक तवरमै धन आर्जन गर्ने बाटोतिर लाग्नेछन् । यो संसदीय राजनीतिमा मात्र होइन, सामाजिक संघ-संस्थादेखि राजनीतिक दलहरूका सबै तह र निकायमा लागु हुनुपर्छ । यसो हुन सकेमा मात्र विधिको शासनको सही पालना र कार्यान्वयन हुनेछ ।

जनताबाट चुनाव जितेर गएका प्रतिनिधिसभाका विधायकले विधि-विधान बनाउने, ऐन-कानुन, नीति-नियम तर्जुमा गर्ने काममा लाग्नुपर्छ । प्रधानमन्त्री चुनिसकेपछि मन्त्री मण्डलचाहिँ सांसद्भन्दा बाहिरबाट विषयका विज्ञबाट छानेर गठन गर्ने परिपाटीको नीतिगत व्यवस्था गर्न सकेको खण्डमा सांसद् बन्नका लागि करोडौं खर्च गर्न इच्छुकहरू त्यो पैसालाई उद्योग, व्यापार, व्यवसायतर्फ लगानी गर्न आकर्षित हुनेछन् । र पैसा नहुने गरिबहरूको पनि संसदीय राजनीतिमा सहज प्रवेश हुने थियो । नत्र त खर्चिलो चुनाव आर्थिक रूपमा कमजोरहरूका लागि पहुँचभन्दा बाहिरको विषय हुँदै आएकै छ । संसदीय फाँटका तीनवटै तहको सरकारका सबै निकायमा एक पदमा दुईपटक भन्दा बढी जिते पनि, हारे पनि उम्मेदवार हुन नपाउने अनिवार्य व्यवस्था गर्ने हो भने राजनीतिमा एकाधिकार जमाएर बसेका मठाधीशहरू स्वत: पलायन भएर जाने थिए र त्यो स्थानमा नयाँ अनुहारको मौका पाउने थिए । नत्र युवा वर्गको राजनीतिप्रति जुन अरुचि बढ्दो छ, त्यो वितृष्णामा बदलिन सक्छ ।

**व्यवस्था र अवस्था**

अहिले युवा वर्गको राजनीति र देशबाटै जुन पलायन छ, त्यो व्यवस्थाप्रतिको वितृष्णाभन्दा अवस्थाप्रतिको असन्तुष्टि हो । केही पूर्वपञ्च र राप्रपाका मान्छेहरूले जात र धर्मका आधारमा नेपालीमा विखण्डन ल्याउन खोजे पनि आजको देश-विदेश बुझेका सूचना र प्रविधिमा पहुँच भएका युवा वर्गले लोकतन्त्रको विकल्पका रूपमा तानाशाही, निरंकुश अधिनायकवाद रोज्दैनन्, खोज्दैनन् । उनीहरू योभन्दा उन्नत लोक कल्याणकारी राज्य व्यवस्था भएको लोकतन्त्रको खोजीमा भौँतारिएका छन् । पश्चिमा लोकतान्त्रिक देशको जस्तो स्वतन्त्रता र सुविधा यही पाउने हो भने कोही पनि नेपाली आमाको न्यानो काख छाडेर लाला-बालालाई रुवाउँदै पर देसिन चाहँदैन । परदेश गएकाहरू पनि एकदलीय अधिनायकवादी कम्युनिस्ट शासन भएका मुलुक वा तानाशाही अधिनायकवादी देशहरूमा गइरहेका छैनन् । लोकतान्त्रिक अर्को देशमै आफ्नो भाग्य र भविष्य खोजिरहेछन् युवाहरू । त्यसैले युवाले लोकतन्त्र व्यवस्था नरुचाएको होइन, लोकतन्त्रको मर्म अनुसार चल्न नसकेको देशको वर्तमान अवस्था भने नरुचाएकै हुन् । अनि यी बुढा नेताले यहाँभन्दा अघि देशलाई लैजान सक्दैनन् भन्ने आम नेपालीको स्पष्ट ठम्याइ बाहिरिसक्यो । परिवर्तनका लागि फासिस्ट पञ्चायती व्यवस्था र राजाहरूसँग जे जति संघर्ष गर्नुभयो, त्यसका लागि धन्यवाद अब पालो युवाको । युवालाई हरेक क्षेत्रमा अगाडि बढाएर आफू पछि बसेर मार्ग निर्देशन गरेर देशको हितमा सोच्न ज्येष्ठ नेतृत्वलाई हार्दिक अनुरोध छ ।

**गरिबलाई राहत र न्याय**

किसान, मजदुर लगायत गरिखाने श्रमजीवी वर्गलाई राज्यले विशेष सुविधाको व्यवस्था गर्नुपर्छ । गरिबीको रेखामुनिको जनसंख्यालाई विपन्नको कार्ड बनाएर सहकारी पसलमार्फत सहुलियतमा खाद्यान्न, लत्ताकपडा र दैनिक उपभोग्य सामग्री परिवार संख्याका आधारमा उपलब्ध गराउने व्यवस्था तत्काल लागू गर्नुपर्छ । अहिले चिसो मौसम सकिएर गर्मी सुरु हुँदै छ । चिसो बढेसँगै गरिबको झुपडीमा जाडो भित्रिन्छ भने गर्मीमा मच्छड र पसिनाको खोलो । धनी, पुँजीपतिका घरमा तातो-चिसो दुवै बनाउने अनेक प्रकारका विद्युतीय उपकरण हुन्छन् । गरिबको घरै बलियो नहुने, त्यसमाथि ओढ्ने-ओछ्याउनेको अभाव हुने, बिजुलीको व्यवस्था नहुने वा भए पनि चिसो-तातो दिने उपकरण नहुने आदि कारण जाडो-गर्मी छल्न समस्या हुन्छ । जाडो वा शीतलहरकै कारण कतिपयको ज्यान गइरहेको पनि छ । आकाशको पानी र डुबानको असर गरिबकै बस्तीमा पर्छ । गर्मीमा सर्प लगायत विषालु जनावरको टोकाइबाट पनि कतिले अकालमै ज्यान गुमाउनु परिरहेको छ । त्यसैले तीन तहकै सरकारले विपन्नहरूको बलियो घरदेखि अन्य सुविधामा ध्यान दिनुपर्छ ।

आर्थिक रूपमा विपन्न हुनु भनेको कुनै अपराध गरेको होइन । राज्य लोक कल्याणकारी भएन, राज्यव्यवस्था समाजवादी भएन भने मानिसहरू गरिब हुन्छन् । शिक्षा, स्वास्थ्य र रोजगारीप्रति राज्यले पूर्ण उत्तरदायित्व वहन गरेको अवस्थामा कोही पनि गरिब हुँदैन । सबैले पढ्न पाउँछन्, बिरामी हुँदा ओखतीमुलो पाउँछन् भने रोजगारी गरेर खान सक्छन् । रोजगारी नपाए तिनको खाने-बस्नेको प्रबन्ध राज्यले गरिदिन्छ । त्यसैले लोकतान्त्रिक व्यवस्थालाई संसारकै उत्कृष्ट र सभ्य शासन प्रणाली भनिएको र मानिएको हो । हामीकहाँ त लोकतन्त्र छ । लोकतन्त्रसँगै विकराल भोकतन्त्र पनि छ । लोकतन्त्रमा कोही युरोपियन स्तरमा त कोही संसारको सबैभन्दा गरिब ? यस्तो पनि विभेद हुन हुन्छ त ? यस्तो दारुण चित्रले हाम्रो लोकतन्त्र, हाम्रो शासन प्रणालीलाई गिज्याउँदैन ? देशको नेतृत्व गर्ने र सरकारमा बसिसकेका दलका नेताहरूलाई लाज लाग्नुपर्ने हो ।

लोकतन्त्रमा राज्य सञ्चालकहरू देश र जनताप्रति उत्तरदायी, जवाफदेही हुनैपर्छ । नत्र त्यो लोकतन्त्र हुँदैन, होइन । हामीकहाँ निरंकुश राजतन्त्र र फासिस्ट पञ्चायती व्यवस्थाले गरिबलाई झन् गरिब बनाएर उठिबास लगायो, बसाइँ हिँडायो । बहुदल प्राप्तिका तीन दशकसम्म गरिबी निवारण नहुनु र राज्य लोक कल्याणकारी बन्न नसक्नुले लोकतन्त्रप्रति जनतामा भरोसा कम हुँदै जान सक्छ । यसले देश र जनताको दुर्भाग्यका दिन निम्त्याउन सक्छ । जनताका मनमा बढिरहेको निराशा, कुण्ठा र संशयलाई बेलैमा सम्बोधन गर । त्यसभन्दा पहिला झुपडीका गरिबहरूलाई तीनै तहका सरकारले संयुक्त कार्ययोजना बनाएर जाडो, गर्मी, झरी, बादल, हावा, हुरीमा आवश्यक राहत सामग्री प्रदान गर । समस्यामा परेका आफ्ना नागरिकलाई राज्य छ, सरकार छ, लोकतन्त्र पनि रहेछ भन्ने अनुभूति दिलाऊ । लोक कल्याणकारी राज्यमा जनता बेसहारा हुँदैनन् । सबको सहार सरकार हुन्छ, त्यो नै लोकतन्त्र हो ।

*(साभार: रातोपाटी)*

# विभेद र समानताको स्रोत

✍ कपिल काफ्ले

विश्वमा प्रचलनमा रहेका अधिकांश धर्म र सम्प्रदायमा जात र लिङ्गका आधारमा विभेद छ । जात र लिङ्ग हेरेर एउटै अपराधमा भिन्न सजाय हुने गरेको इतिहास छ । महिला भएकै कारणले यस संसारको आधा जनसंख्या अनेक अवसरबाट वञ्चित छ । धर्म-परम्पराले वञ्चित गराएको छ । तर यस विषयमा वरिष्ठ सामाजिक अभियन्ताहरु पनि बोल्न मान्दैनन् । किनभने धर्मका नाममा प्रत्याक्रमण होला भनेर सबै डराउँछन् ।

धर्मलाई पनि समयसापेक्ष बनाउन आवश्यक हुन्छ, हिजो खास लिङ्गका आधारमा कसैलाई कुनै अवसरबाट वञ्चित गरियो, तर आज पनि त्यसैलाई निरन्तरता दिने हो भने आधुनिक संविधान र कानुन किन चाहियो ? मनु-स्मृति, बाइबल, सारिया कानुन आदिलाई नै निरन्तरता दिए भइहाल्यो । कसैले यस्ता विषयमा नबोल्ने हो भने हिजोको सतीप्रथा आज पनि कायम रहन्थ्यो, विधवा आमाहरु आज पनि श्रीमान्को चितामा जलिरहेका हुन्थे, जारलाई साधुले काटिरहेको हुन्थ्यो, दास-दासी किनबेच भइरहेका हुन्थे, मानिसलाई अछुत भनेर कुकुर-बिरालोभन्दा पनि तुच्छ व्यवहार गरिरहिन्थ्यो ।

लिङ्गका आधारमा विभेद वर्षौंदेखि जरा गाडेर बसेको सामाजिक कलंक हो । यो कलंक अन्त्य नभएसम्म सही अर्थमा मानव विकास सम्भव छैन भन्ने विश्वासका साथ लैङ्गिक विभेदका जरा खोज्ने प्रयास गरिनुपर्दछ । यसका जराहरु धार्मिक ग्रन्थमै छन् । पहिला आफ्नै धर्मका प्रावधानहरुमा नबोलेसम्म अरुका धर्मका बारेमा बोल्ने अधिकार नहुने भएकाले यहाँ सर्वप्रिय हिन्दु ग्रन्थहरु चण्डी र गीताका बारेमा चिरफार गर्ने प्रयास गरिएको छ ।

दुर्गा सप्तशती चण्डी मातृप्रधान युगको कथा हुनुपर्छ । यसरी हेर्दा यो द्वापर युग अर्थात् ८ हजार वर्षभन्दा बढी पुरानो रचना हुनुपर्छ । दुर्गा देवीको आराधनामा सयौं वर्षदेखि हामी हिन्दुहरुले पाठ गर्दै आएको धार्मिक दृष्टिले अति सम्मानित र प्रिय ग्रन्थमा लैङ्गिक प्रतिनिधित्व खोज्नु किन आवश्यक छ भने यो महिलाको स्तुतिको कथा हो । दुर्गादेवीको आराधना हो । महिलाको सम्मानमा पाठ गरिने यस ग्रन्थमा आम महिलालाई भने सहायक नागरिकका रुपमा चित्रण गरिएको देखिन्छ । सर्वत्र पुरुषलाई प्राथमिकतामा राखेर भगवती देवीसँग प्रार्थना गरिएको छ । 'पुत्रान् रक्षेन्महालक्ष्मीर्भार्यां रक्षतु भैरवी' अर्थात् महालक्ष्मीले पुत्रहरुको रक्षा गरुन्, भैरवी देवीले श्रीमतीको रक्षा गरुन् भनिएको छ । छोरी देऊ, छोरीको रक्षा गर भनिएको छैन ।

*क्रमश: पृष्ठ-३....*

# वैकल्पिक गठबन्धन बन्न नदिन माधव नेपालको खोजी

काठमाडौं/गठबन्धन बदल्न सोमबार सबै मन्त्रालयको जिम्मेवारी आफैं लिएका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको प्राथमिकता नयाँ सहयात्री दलहरुबीच मन्त्रालय भागबण्डा र मन्त्री नियुक्तिमा हुनुपर्ने हो । तर उनको प्राथमिकता नेकपा एकीकृत समाजवादीका नेताहरु फकाउनेमा देखियो ।

मंगलबार साँझ नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, उपाध्यक्ष विष्णुप्रसाद पौडेल र महासचिव शंकर पोखरेललाई साथमा लिएर प्रधानमन्त्री प्रचण्ड एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालको निवास कोटेश्वरमै पुगे । एमाले अध्यक्ष ओली माधव नेपालको निवास पुग्नु स्वभाविक दृष्य थिएन ।



किनकी २ भदौ २०७८ मा पार्टी विभाजन गरेर एकीकृत समाजवादी गठन गरेका माधव नेपालविरुद्ध ओली चर्को रुपमा प्रस्तुत हुँदै आएका थिए । एमालेमै हुँदा पनि अन्तरसंघर्षकै कारणले माधव नेपालको निवासमा केपी ओली जाँदैनथे । '२०७१ मा सम्पन्न एमालेको नवौं महाधिवेशन पछि केपी ओली संभवत: पहिलोपटक माधव नेपालको निवास जानुभयो, यसले अहिलेको परिस्थिति आँकलन गर्न सकिन्छ', एमालेका एक नेता भन्छन् ।

अध्यक्ष नेपालको सचिवालय स्रोत अनुसार, प्रचण्डले फोन गरेर केपी ओली सँगै आउन लागेको जानकारी दिएका थिए । 'प्रधानमन्त्रीले हामी त्यहाँ आउँछौ भन्नुभयो, माधव कमरेडले पनि हुन्छ कुरा गरौं भन्नुभयो' स्रोत भन्छन् ।

एमाले अध्यक्ष ओली सहित नेताहरु लिएर माधव नेपाललाई भेटेका प्रधानमन्त्री प्रचण्ड सोमबार साँझ आफ्नै पार्टी माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठलाई लिएर कोटेश्वर पुगेका थिए । रुघाखोकीका कारणले घरमै आराम गरिरहेका माधव नेपाललाई भेटमा बदलिएको सत्ता गठबन्धनमा सामेल हुन आग्रह गरेका थिए ।

तर संकेत समेत नगरी गठबन्धन फेर्ने निर्णय गरेको भन्दै प्रचण्डप्रति माधव नेपालले एकोहोरो आक्रोश पोखेको एकीकृत समाजवादीका एक नेता बताउँछन् ।

नारायणकाजी श्रेष्ठसहित प्रचण्ड कोटेश्वर पुग्नु अगाडि नै एकीकृत समाजवादीको बैठक बसिसकेको थियो । माधव नेपालकै निवासमा बसेको बैठकले तत्काल कुनै निर्णय नगरी 'पर्ख र हेर'को नीति लियो । एक वर्षभित्रै दोस्रोपटक एमालेसँग माओवादी केन्द्रले गठबन्धन गर्दा पनि एकीकृत समाजवादीले कुनै ठोस् निर्णय नगर्नुमा प्रधानमन्त्री प्रचण्डकै आग्रहले काम गरेको थियो ।

आइतबार राति एमाले नेताहरुसँग गठबन्धन बदल्ने अन्तिम निर्णय गरे लगत्तै प्रचण्डले अध्यक्ष नेपाल र महासचिव घनश्याम भूसालसँग टेलिफोन सम्वाद गरेका थिए । 'उहाँले लगातार एउटै कुरा भनिरहनुभएको छ, सँगै जानुपर्छ । तर हाम्रो जवाफ पनि फेरिएको छैन', एकीकृत समाजवादीका एक नेता भन्छन् ।

मंगलबार साँझ ओली सहित एमाले नेताहरु राखेर पनि प्रचण्डले आफ्नो अप्ठ्यारो बुझिदिन आग्रह गरेका थिए । 'गठबन्धनको कुरामा छलफल गर्न सकिनँ, त्यो कमजोरीको जिम्मेवारी म लिन्छु', प्रचण्डले भनेका थिए । अध्यक्ष नेपालको भने उही कुरा थियो, 'यत्रो घटना मबाट किन लुकाइयो ? यस्तो धोका किन ?'

प्रधानमन्त्री प्रचण्डले भने एमालेसँग सत्ता सहकार्यको कुरा बाहिर जान सक्ने खतरा भएकाले त्यस्तो कमजोरी हुन गएको प्रष्टोक्ति दिएका थिए । तर सरकारमा जाने वातावरण आफूले बनाउने र लामो सहकार्यको निम्ति तयार हुन प्रचण्डले आग्रह गरेका थिए ।

एमाले अध्यक्ष ओलीले पनि प्रचण्डकै भनाइमा सहमति जनाएको स्रोत बताउँछन् । 'राजनीतिलाई परिस्थिति अनुसार बुझ्नुपर्छ, मेरो कुरा पनि सहकार्य गरौं भन्ने नै हो', ओलीले भनेका थिए । दुबै नेतासँग झण्डै दुई घण्टा कुराकानी गरेपछि एकीकृत समाजवादीका अध्यक्ष नेपालले आज (बुधबार) ११ बजे पार्टी बैठक राखेर निर्णय लिने जानकारी दिएका छन् ।

नेपाललाई भेटेर निस्किने क्रममा एमाले अध्यक्ष ओलीले कुराकानी सकारात्मक रहेको बताएका छन् । 'म उहाँको स्वास्थ्य बुझ्न र स्वास्थ लाभको कामना गर्न आएको थिएँ । आइसकेपछि देशको परिस्थिति आदिबारे पनि चर्चा चल्नु स्वभाविक हो' कुराकानी सकारात्मक भएको भन्दै उनले भने ।

**संसदको अंकगणित महत्वपूर्ण**

मन्त्रालय भागबण्डा र मन्त्रिपरिषद् पुनर्गठन रोकेर प्रधानमन्त्री प्रचण्डले एकीकृत समाजवादीलाई मनाउन हत्ते गरिरहनुमा केही वर्ष यताको राजनीतिक पृष्ठभूमि महत्वपूर्ण रहेको नेताहरु बताउँछन् । तर एमाले अध्यक्ष ओलीलाई माधव नेपालकै निवाससम्म पुर्‍याएर एकीकृत समाजवादीलाई मनाउन प्रधानमन्त्री प्रचण्डले गरिरहेको मिहिनेत भने विगतको सम्बन्धमा मात्रै आधारित देखिँदैन ।

किनकी एकीकृत समाजवादीलाई नयाँ सत्ता समीकरणमा नसमेट्ने हो भने एमाले नेतृत्वमा बनेको चार दलीय गठबन्धन जुनसुकै बेला अल्पमतमा पर्ने देखिन्छ । नयाँ गठबन्धन बनाउने क्रममा माओवादीले यो पटक १० पुस २०७९ मा साथ लिएको राप्रपालाई समावेश गर्न चाहेन । राप्रपालाई गठबन्धनभन्दा बाहिर राखेपछि नयाँ गठबन्धनलाई एकीकृत समाजवादीका साथ चाहिएको छ ।

हुनत सोमबार मात्र ८ बुँदे सहमतिपत्रमा हस्ताक्षर गरेका चार दलसँग १४३ सिट छ । २७५ सदस्यीय प्रतिनिधिसभाका लागि यो संख्या बहुमत (१३८) भन्दा बढी हो । फेरिएको सत्ता गठबन्धनमा सभामुख सहित एमालेसँग ७८, माओवादी केन्द्रसँग ३२, रास्वपासँग २१ र जसपा १२ सिट छ । यो गठबन्धनमा जनमत पार्टी र नाउपा थपिने संभावना छ । यद्यपि ६ सिटको जनमत र ४ सिटको नाउपाले निर्णय गरिसकेको छैन ।

संसद्मा बाँकी रहेको कांग्रेस र राप्रपा संवैधानिक रुपमै प्रतिपक्षी भूमिकामा छ । ८८ सिट सहितको कांग्रेसले मंगलबार सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरिसकेको छ । राप्रपासँग १४ सिट छ । त्यो भनेको प्रष्ट १०२ सिट भयो । ४ सिट रहेको लोसपाले पनि तत्काललाई विपक्षी भूमिकामै रहने सम्भावना छ । लोसपा समेत विपक्षीमै जोड्दा १०६ सिट हुन्छ ।

अब अहिलेको गठबन्धनको विकल्पमा बहुमत पुर्‍याउन अपुग ३२ सिट हुन्छ । यस्तो अवस्थामा १० सिटको एकीकृत समाजवादी थपिए अर्को सत्ता समीकरण बनाउन २२ सिट अपुग हुन्छ । ६ सिटको जनमत र ४ सिटको नाउपाले सत्ता पछ्याउन नछोडेकाले त्यो संख्या बदलिन सक्छ । सत्ता निर्माणकै कोर्समा कांग्रेसले स्वतन्त्र सांसदहरु अमरेशकुमार सिंह, योगेन्द्र मण्डल र प्रभु साहलाई पनि सामेल गराउन सक्छन् ।

अर्थात् राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले निर्णय बदल्दा अहिलेको सत्ता गठबन्धन कुनै पनि बेला अल्पमतमा पर्न सक्छ । तर १० सांसद भएको माधव नेपाल अहिलेको गठबन्धनमा थपिए रास्वपाले गठबन्धन छोड्ने निर्णय गर्दा पनि १३४ सांसद बाँकी रहन्छ । त्यसैले बदलिएको सत्ता गठबन्धनको बहुमत जोगाउन पनि माधव नेपाललाई समेटेर मात्रै मन्त्रिपरिषद् भागबण्डा गर्ने निष्कर्षमा प्रधानमन्त्री प्रचण्ड र एमाले अध्यक्ष ओली समेत देखिन्छन् । केन्द्र मात्र होइन, बागमती लगायतका प्रदेशमा पनि सरकार गठनका लागि एकीकत समाजवादी निर्णायक बनेको छ । त्यसैले माओवादी मात्र होइन, एमालेका नेताहरुले पनि वामपन्थीहरु एक ठाउँमा उभिने नारामा एकीकृत समाजवादीलाई गठबन्धनमा समेट्न चाहेको छ । समाजवादीमा भने अलमल देखिन्छ ।

पूर्वप्रधामन्त्री झलनाथ खनालसहितका नेताहरु नयाँ गठबन्धनमा जानुपर्ने मत राख्छन् । तर लगातार साथ दिँदा पनि प्रचण्डले धोका दिने गरेको र भविष्यमा वैकल्पिक सत्ता समीकरण बनाउन सकिने भएकाले हतार गर्न नहुने मत पनि बलियो छ । एकीकृत समाजवादीकै एक पदाधिकारी भन्छन्, 'राजनीति सर्भाइभ गर्न पनि संघर्षमा उत्रनपर्ने हुनसक्छ, सधैं चुप लागेर बस्ने भन्ने हुँदैन ।'

*(स्रोत: अनलाइनखबर)*

# प्रिमियर र हल रिलिजमा फेरिएको 'अगस्त्य'

काठमाडौं/ठूलो चर्चाका बीच यही शुक्रबारबाट प्रदर्शनमा आएको फिल्म 'अगस्त्य'को बिहीबार ललितपुरको लबिम मलमा प्रिमियर राखिएको थियो । जहाँ फिल्मलाई मिश्रित प्रतिक्रिया मिल्यो । फिल्मकर्मीहरुले खुलेर तारिफ गर्दा पत्रकारहरुले कथावाचन शैली र प्राविधिक पक्षमा कयैन् प्रश्न उठाएका थिए । प्रिमियरमा फिल्म अत्याधिक 'डार्क' देखिएको थियो भने 'ब्याकग्राउन्ड म्यूजिक' दबिएको थियो ।

शुक्रबार साँझसम्म हलहरुमा प्रिमियरकै 'फाइल' पुग्दा दर्शकहरु पनि निराश भएर फर्किएका थिए । फिल्म 'डार्क' हुँदा कलाकार नै चिन्न मुश्किल हुन्थ्यो भने ब्याकग्राउन्ड म्यूजिक दबिँदा कुनै पनि दृश्यले प्रभाव छाड्न सकेका थिएनन् । कति ठाउँमा फिल्मको डबिङ पनि हराएको थियो । शनिबारबाट भने हलहरुमा अर्को 'फाइल' पठाइयो, त्यसपछि दर्शकको प्रतिक्रिया पनि फेरिएको छ ।

प्रिमियरमा 'डार्क' देखिएको फिल्म अहिले उज्यालो छ । दृश्यहरु स्पष्ट बुझिन्छ । ब्याकग्राउन्ड म्यूजिक र डबिङ पनि फर्किएको छ । जसले गर्दा फिल्मलाई धेरै हदसम्म प्राण भरेको छ । यद्यपि, सिंक साउन्ड (लोकेसनको साउन्ड)मा अझै कमजोरी छ । फिल्मको सबैभन्दा राम्रो पक्ष भनेको छायांकन हो । कथा र पात्रको भावअनुकूल छायाँकार सञ्जय लामाले आकर्षक दृश्य कैद गरेका छन् ।




फिल्मको प्राविधिक पक्ष सुएिसँगै हलमा दर्शकहरुको चाप पनि वृद्धि हुन थालेको छ । शुक्रबार औसत रहेको फिल्मको व्यापार शनिबार सन्तोषजनक थियो । आइतबार केही खस्किएको फिल्म सोमबारबाट लयमा फर्किन थालेको छ । मंगलबार फिल्मीखबर टिम चाबहिलस्थित एफक्युब हलमा पुग्दा साढे ११ बजेको शोमा ७० प्रतिशत र २ बजेको शोमा ८० प्रतिशतसम्म अकुपेन्सी थियो ।

मंगलबार देशकै ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सका काठमाडौं र मोफसलका स्टेशनसहित बिग मुभिज्, वान् सिनेमाज्, सिडिसी सिनेमाज्, पोखराको मिडटाउन सिनेमाज्, धरानको फ्रेन्ड्स सिनेमाजमा पनि दर्शकको उपस्थिति सुखद् थियो । निर्देशक सौरभ चौधरीले फिल्ममा दर्शकको चाप बढ्दै गएकोमा खुसी व्यक्त गरे । भोलिबाट उनी कलाकार सहित देश दौडाहामा निस्किँदैछन् ।

निर्देशक चौधरी स्वयंको लेखन रहेको फिल्ममा सौगात मल्ल, नाजिर हुसेन, मलिका महत, निश्चल बस्नेत, विजय बराल, र वीन्द्र झा, शिशिर वाङ्गदेल, बेन बस्नेत लगायतको अभिनय छ । फिल्मको निर्माताहरु प्रकाश मल्ल, अनिष तामाङ र बिनोद पौडेल हुन् भने कार्यकारी निर्माताहरु विश्व गौचन र अभिषेक चौधरी हुन् । यसको सिक्वेल सन् २०२६ मा रिलिज गर्ने घोषणा समेत भइसकेको छ ।

# सेन्सर बोर्डले अड्को थापेको 'रङ्गेली'लाई मेयरको शुभकामना

काठमाडौं/यही शुक्रबारबाट प्रदर्शन हुन लागेको फिल्म 'रङ्गेली'लाई केन्द्रीय चलचित्र जाँच समिति (सेन्सर बोर्ड)ले शीर्षकमा आपत्ति जनाउँदै प्रमाणपत्र दिन अस्वीकार गरेको थियो । रङ्गेली सहरको नाममा फिल्म बनेकाले त्यस नगरपालिकाको सहमति पत्र पेश भएपछि मात्र सेन्सर प्रमाणपत्र दिने बोर्डको निर्णयपछि चौतर्फी विरोध भएको थियो । अन्तत: बोर्डले विरोध झेल्न सकेन र प्रमाणपत्र दियो ।




जुन निकायको स्वीकृति पत्र चाहिन्छ भनेर बोर्डले 'रङ्गेली'लाई अड्को थापेको थियो, त्यस नगर पालिका (मोरङ जिल्लाको रङ्गेली नगरपालिका)का प्रमुख दीलिप कुमार अग्रवालले फिल्मलाई शुभकामना दिएका छन् । एक भिडियो सन्देश मार्फत् उनले रङ्गेलीको नामबाट फिल्म बनेकोमा खुसी व्यक्त गरे । र, फिल्मले रङ्गेलीलाई चिनाउने काम गरेकोमा टिमलाई धन्यवाद समेत दिएका छन् ।

ग्याङस्टर कथामा निर्माण भएको फिल्मलाई अर्जुन सुवेदीले निर्देशन गरेका हुन् । यसमा दयाहाङ राई, मिरुना मगर, अर्पण थापा, प्रवीण खतिवडा, रमेश बुढाथोकी, रुपेश झा, सुन्दर धिताल लगायतको अभिनय छ ।

सुशन प्रजापतिको छायांकन रहेको फिल्मका कार्यकारी निर्माताहरू जीतेन्द्र खतिवडा र अनुज जङ्ग थापा हुन् । त्यस्तै, निर्माताहरु संसार चौलागाईं र रमेश भट्टराई वशिष्ठ हुन् ।

# 'मेयर'मा ऋचाको प्रवेश

काठमाडौं/यस वर्ष अभिनेत्री ऋचा शर्माले लगालग फिल्ममा काम गरिरहेकी छन् । दशैंअघि निर्देशक दीपक रौनियार को फिल्म 'राजागञ्ज'को छायांकन पूरा गरेकी उनले त्यसपछि निर्देशक रामबाबु गुरुङको फिल्म 'डिग्री माइला'मा काम गरेकी थिइन् । अब उनी निर्देशक दीपेन्द्र के. खनालको फिल्म 'मेयर'मा आबद्ध भएकी छन् । मंगलबारबाट ऋचा छायांकनमा जोडिएको निर्देशक खनालले बताए ।



फिल्ममा उनको भूमिकाबारे खुलाइएको छैन । छायांकन सेटबाट प्राप्त तस्वीरमा भने ऋचालाई कालो रंगको कुर्था-सुरुवालमा देख्न सकिन्छ । जसले उनी स्थानीय युवतीको भूमिकामा देखिन लागेको संकेत गर्छ । पहिलोपटक ऋचाले निर्देशक खनालसँग सहकार्य गरेकी हुन् । 'मेयर'को मुख्य अभिनेत्रीमा वर्षा राउत छिन् । उनी अभिनेता खगेन्द्र लामिछानेको श्रीमतीको भूमिकामा देखिँदैछिन् ।

सर्लाहीस्थित बागमती नगरपालिकाका मेयर भरत कुमार थापाको जीवन संघर्षमा आधारित रहेको 'मेयर'मा खगेन्द्रले मेयर थापाको भूमिका निर्वाह गरेका छन् । फिल्ममा हरिहर शर्मा, अनुप बराल, प्रकाश घिमिरे, रमेश बुढाथोकी, रवीन्द्र झा, दिव्यदेव, आशान्त शर्मा, सञ्जोग रसाइली लगायतको पनि अभिनय रहनेछ । एक हप्तादेखि सर्लाहीको बागमतीमा फिल्मको छायांकन भइरहेको छ ।

यो फिल्मबाट मेयर थापाकी छोरी अर्विशा थापाले डेब्यू गर्दैछिन् । निर्देशक खनालकी छोरी श्रृष्टिमाँ खनाल र शर्मिला पाण्डे निर्माता रहेको फिल्मका कार्यकारी निर्माता भने निर्देशक खनाल स्वयं हुन् । पटकथा प्रडक्शनको निर्माण रहेको फिल्ममा महेश दवाडीको पटकथा लेखन छ भने कृष्ण बहादुर थापा छायाँकार हुन् । निर्देशक खनालले फिल्मलाई ठूलो क्यानभासमा तयार गरिरहेका छन् ।

# विभेद र समानता...

'शुक्रं ब्रह्माणि मे र क्षेच्छायां छत्रेश्वरी तथा' अर्थात् बह्माणी देवीले वीर्य वा शुक्रको र क्षा गरुन् । पुरुषको छायाको समेत रक्षाका लागि छत्रेश्वरी देवीलाई पुकारिएको चण्डीमा महिलाको डिम्बको रक्षाका लागि चाहिँ कसैलाई पुकारिएको छैन । महिलाले अण्ड निष्कासन नगरे शुक्रकीटले मात्र काम गर्दैन भन्ने सत्य ख्याल गरिएको छैन । देवीसँग छोरा मागिएको छ, छोरी मागिएको छैन- पुत्रान् देही धनं देही सर्वकामाँश्च देही मे ।' हे देवी, मलाई पुत्र देऊ, धन देऊ, सम्पूर्ण इच्छा पूरा गरी सुख दिलाऊ । 'पत्नीं मनोरमां देही मनोवृत्तानुसारिणीम्' तर, पुरुषका लागि राम्री श्रीमती भने मागिएको छ । कठिनाइहरुबाट पार लगाउने उच्च कुलकी असल श्रीमतीको भने कामना गरिएको छ । सीधै असल र राम्रा सन्तान माग्ने, छोरा र छोरीका लागि देवीको पुकारा गर्ने काम भएको छैन ।

चण्डीमा सुरथ राजा र समाधि नामको वैश्यको कथा छ । राजा विरोधीहरुबाट पराजित भएको थियो भने वैश्यलाई दुष्ट श्रीमती र छोराहरुले धनसम्पत्तिविहीन बनाएर घरबाट निकालिदिएका थिए- 'पुत्रदारैर्निरस्तश्च धनलोभादसाधुभि: । पछि महामाया भगवतीको आराधना गरेर वैश्यले पारिवारिक माया-मोहबाट मुक्ति प्राप्त गरेको र राज्य खोसिएको राजा सुरथलाई पुन: राज्य प्राप्त भएको कथा छ ।

जसले देवीलाई प्रसन्न बनाउँछ, उसले फष्टपुष्ट बलियी र राम्री श्रीमती पाउँछ, छोराहरु पनि उसैका हुन्छन्, नोकर-चाकरले सम्पन्न हुन्छ भनिएको छ- धन्यास्त एव निभृतात्मजभृत्यदारा येषां सदाभ्युदयता भवती प्रसन्ना । चण्डीमा एक ठाउँ 'पुत्रपौत्रिकी' भनिएको बाहेक अन्यत्र कतै छोरीको माग नै गरिएको छैन । देवीसँग माग्दै नमागे पनि जे-जति सक्षम छोरीहरु हामीले पाएका छौं, यसका लागि भगवती दुर्गाप्रति धन्यवाद भने व्यक्त गर्नै पर्छ । दुर्गाको प्रार्थना चण्डी लेख्ने पण्डितको दिमागमा छोरी कतै प्रकट हुन्न । 'या च स्मृता तत्क्षणमेव हन्ति न: सर्वापदो भक्ति विनम्रमूर्त्तिभि:' विनीत पुरुषले भक्तिभावका साथ देवीको स्मरण गरेमा सम्पूर्ण विपद् तत्क्षण हटेर जान्छ । यो 'पुरुष' शब्दका ठाउँमा व्यक्ति वा महिला-पुरुष लेखिदिएको भए के बिग्रिन्थ्यो र !

शुम्भ-निशुम्भ नामका राक्षसको दूतले देवीलाई गाली गर्दा स्त्री जातिकै अपमान गर्छ । यद्यपि त्यहाँ चण्डीको कथा बुन्ने पण्डितको भावना नै प्रकट हुन्छ- 'इन्द्राद्या: सकला देवास्तस्थुर्येषां न संयुगे । शुम्भादिनां कथं तेषा स्त्री प्रयास्यसि सम्मुखम् ।' अनेक देवता र उनीहरुका पनि राजा इन्द्रजस्ता पुरुषहरुले पनि पराजित गर्न नसकेका शुम्भ-निशुम्भलाई तिमी स्त्री भएर कसरी जिन्त सक्छ्यौ ! चण्डी महात्म्यभरि पुरुष हाबी हुन्छ । 'नन्दते च कुलं पुंसां माहात्म्यं मम श्रृण्वताम्' देवीलाई उद्धृत गर्दै पुरुष रचनाकार लेख्छन्- मेरो महात्म्य सुन्ने पुरुषहरुका सबै शत्रु नाशिनेछन्, उनीहरुको कल्याण मिल्नेछ र कुलकै उन्नति हुनेछ । देवीको स्तुति गर्नेले धन, पुत्र, नाति-नातिना र शुभमति प्राप्त गर्नेछ भनिएको छ ।

श्रीमद्भागवद् गीतामा पनि यस्तै प्रस्तुति छ । पूर्वीय दर्शनको अति सम्मानित धर्मग्रन्थ गीता विभिन्न योग र दर्शनको स्रोत, हिन्दु सनातन जीवन दर्शनको आधारमा पनि पितृसत्ता हाबी भएपछि त्यसको असर दीर्घकालीन हुने नै भयो । गीताले अंगीकार गरेको जीवन दर्शनमा पितृसत्ता र पुरुषत्व दूधमा पानीजस्तो मिसिएको छ । श्रीमद्भागवद् गीतालाई उच्च सम्मान गर्दै यस ग्रन्थले पुरुष र महिलालाई समानरुपले सम्बोधन गरेको छैन भन्नुपर्छ । शायद यही कारण हुन सक्छ, पूर्वीय दर्शनको पक्षमा बोल्नेहरु उनान्सय प्रतिशत पुरुष देखिन्छन्, महिला अत्यन्त नगण्य । शायद उनीहरुलाई गीता पुरुषको मात्र ग्रन्थ हो जस्तो लाग्छ । किनभने गीता पढ्दा महिला एक-दुई ठाउँभन्दा अन्त भेटिन्नन् । शायद महिलालाई यो आफ्नो ग्रन्थ हो, मेरो जीवन दर्शन होजस्तो लाग्दैन ।

'अधर्माभि भवात् कृष्ण प्रदुष्यन्ति कुल स्त्रिय:, स्त्रीषु दुष्टासु वार्ष्णेय, जायते वर्ण सङ्कर' पहिलो अध्यायको ४१औं श्लोकमा अर्जुनले श्रीकृष्ण भगवान्सँग 'म आफन्तजन माथि वाण चलाउन्न । युद्धमा होमिएका लडाकाहरु मारिएपछि उनीहरुका श्रीमती विधवा हुन्छन् । उनीहरु यत्रतत्र यौन सम्बन्ध राख्न पुग्छन् र वर्णसङ्कर जन्मिन्छन् । वर्णसङ्करले श्राद्ध-तर्पण गर्दा पितृ तर्दैनन्' भनेका छन् । जहाँ स्त्री जातिको उल्लेख गरिएको छ, त्यहाँ पनि उनीहरुमाथि सम्मान भाव प्रकट भएको छैन । विधवाहरु यौन सम्बन्धमा अनुशासित हुँदैनन् भन्ने अर्थ निकालिएको छ ।

गीतालाई उच्च सम्मानित ग्रन्थका साथै परं रहस्यमय ग्रन्थ पनि मानिन्छ । विद्वान्हरु यसमा सम्पूर्ण वेदहरुको सार संग्रह गरिएको मान्दछन् । तर यही ग्रन्थले जातिगत र लैङ्गिक विभेदको जरा गाडिदिएको छ । 'चातुर् वर्ण्यं मया सृष्टं, गुण कर्म विभागश:, तस्य कर्तार मपि मां, विद्य कर्तार मव्ययम् ।' भगवान् श्रीकृष्ण अर्जुनलाई भन्छन्, गुण र कर्मको आधारमा चार विभागका रुपमा मैले ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र सिर्जना गरें । हरेक विभागप्रति भगवान्ले समान प्रेमभाव देखाएको ब्राह्मणहरुले दाबी गरे पनि शूद्रहरुले आफूमाथि विभेद भएकै महसुस गरेका छन् । महिलालाई मातृजाति भनेर केही ग्रन्थले केही स्थानमा सम्मान देखाउन खोजे पनि पुरुषको नियन्त्रणभन्दा बाहिर उनीहरुलाई जान दिइएको छैन ।

गीतामा तोकेर महिलाको मुक्तिको कुरा गरिएको पनि छैन । ९० प्रतिशतभन्दा बढी स्थानमा पुरुष वा पुलिङ्गी सर्वनामको प्रयोग छ, बाँकी स्थानमा मनुष्य वा व्यक्ति शब्द प्रयोग गरेर यसभित्र महिला पनि पर्छन् भन्न सकिने ठाउँ छोडिएको छ । 'विहाय कामान् य: सर्वान्, पुमांश्चरति नि:स्पृह:, निर्ममो निरहङ्कार:, स शान्ति मधि गच्छति ।' दोस्रो अध्यायको एकहत्तरौं श्लोकमा मात्र होइन, गीतामा सर्वत्र यसरी नै पुरुष छाएका छन् । 'ध्यायतो विषयान् पुंस:', कतै भनिएको छ भने, कतै 'मिथ्याचार स उच्यते' उल्लेख गरिएको छ । कतै 'पर माप्नोति पुरुष' भनिन्छ त कतै 'स बुद्धिमान मनुष्येषु' त कतै 'स तं परं पुरुष मुपैति दिव्यम्' लेखिन्छ ।

'मां हि पार्थ व्यपाश्रित्य, येपिस्यु: पाप योनय:, स्त्रियो वैश्यास् तथा शूद्रास् तेपि यान्ति परां गतिम् ।' गीताको नवौ अध्याय, बत्तीसौं श्लोकमा श्रीकृष्ण भगवान् अर्जुनलाई भन्छन्, पापयोनिमा जन्मिएका महिला, वैश्य, शूद्र आदि पनि मेरो शरणमा आए भने स्वर्ग जान्छन्, मुक्त हुन्छन् । महिलालगायतलाई पापयोनिको उत्पादन भन्नु ठीक हो ? अवश्य होइन । यसरी हेर्दा गीताले पुरुष बाहुन-क्षत्रीबाहेक अरुबाट सम्मान नपाउनु स्वाभाविकै लाग्छ । किनभने धर्मयोनिबाट जन्मिने बाहुन-क्षत्री मात्र हुन् भन्ने दाबी गीताको छ । यसले एक ठाउँमा मात्र नारी जातिको किंचित पक्ष लिएको देखिन्छ । 'कीर्ति: श्रीर्वाक् च नारीणां, स्मतिर् मेधा धृति: क्षमा ।' दशौं अध्यायको ३४औं श्लोकमा कीर्ति आदि सात देवताका श्रीमती र नारी जातिमा हुने धैर्य, क्षमा आदि सद्गुणमा म बसेको छु, मृत्यु र जन्म नै म हुँ भनेर श्रीकृष्ण भगवान्ले अर्जुनलाई बताएका छन् ।

श्रीमती, पुत्र र भौतिक धनलाई पुरुषको सम्पत्तिका रुपमा मानेर गीता तयार पारिएको छ । १८औं अध्यायको दोस्रो श्लोकमा अर्जुन श्रीकृष्णलाई सोध्छन्: काम्य कर्महरुको त्यागलाई संन्यास भन्ने हो कि होइन ? काम्य कर्म भन्नाले स्त्री, पुत्र र धन आदि प्रिय वस्तुको प्राप्ति र रोग, शोक र विनाश आदिको निवारणका लागि गरिने उपासनालाई बुझ्नुपर्दछ भनिएको छ । यो ग्रन्थ महिलाका लागि लेखिएको हुन्थ्यो भने श्रीमान्, पुत्र-पुत्री, धन आदि प्राप्तिको कुरा गरिन्थ्यो भन्ने पनि यस सन्दर्भबाट प्रस्ट हुन्छ ।

सनातन धर्म सनातन हुन अर्थात् सधैंका लागि समान महत्वको भइरहन यसको व्याख्या सामयिक हुनुपर्छ । नारी, वैश्य र शूद्रलाई गाली गरेर, पूर्वजन्मको पापले गर्दा व्यक्ति ब्राह्मण पुरुष र क्षत्रीय पुरुष हुन नसकेको आक्षेप लगाएर ग्रन्थ सर्वप्रिय हुन सक्तैन ।

नेपालको संविधान, २०७२ मा सबै नागरिकका लागि समतामूलक समाज निर्माण गर्ने घोषणा गरिएको छ, समानताभन्दा पनि माथिको परिस्कृत समाजको परिकल्पना छ, नागरिकले आमा वा बाबुको नामबाट लैंगिक पहिचान सहितको नेपालको नागरिकता प्रमाणपत्र पाउने, लिङ्गका आधारमा विभेद नहुने समानताको हकलगायत महिलाको अधिकारका लागि धारा ३८ नै समर्पित छ । तर पनि नेपाली समाजमा लैङ्गिक समानता छैन, किनभने समाजमा आज पनि धार्मिक कानुन चलेको छ । सचेत नागरिकले हिम्मत गरेर नबोलेसम्म यसमा सुधार आउँदैन ।

*(साभार: नेपाल समाचारपत्र)*

**के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# हेटौंडा भेट्रान्स फुटबलमा मंगलबार पाँच खेल

साझाकुरा संवाददाता

हेटौंडा, २२ फागुन/ नवौं राष्ट्रिय हेटौंडा भेट्रान्स कप एट 'ए' साईड रनिङशिल्ड फुटबल प्रतियोगिता मंगलबादेखि सुरु भएको छ ।

हेटौंडा भेट्रान्स क्लबको आयोजनामा हेटौंडा-५ मा रहेको क्याम्पा रंगशालामा सुरु भएको प्रतियोगितामा मंगलबार पाँचवटा खेल भएका छन् । पहिलो खेलमा नागस्वती भेट्रान्स विजयी भएको छ । बौद्ध भेट्रान्स काठमाडौंलाई ५-१ गोल अन्तरले पराजित गर्दै नागस्वती बिजयी भएको हो । आजको पहिलो खेलको म्यान अफ म्याच नागस्वतीका निमा लामा घोषित भए ।

यस्तै, दोस्रो खेलमा अभिषेक चर्च नवालपरासीलाई बानेश्वर फ्रेन्स भेट्रान्सले ३-० गोलले पराजित गरेको छ । यो खेलको म्यान अफ दि म्याच बानेश्वरका महेन्द्रविश्वास खवास घोषित भए । यस्तै मंगलबार नै भएको तेश्रो खेलमा पशुपति भेट्रान्स हेटौंडा विजयी भएको छ । पशुपतिले थारु भेट्रान्स सिमरालाई २-० गोल अन्तरले पराजित गरेको हो । यस खेलको म्यान अफ दि म्याच पशुपति भेट्रान्सका सुवोध ढुंगेल घोषित भए ।

यसैगरी, चितवन भेट्रान्स र सिमरा भेट्रान्सबीच भएको चौथो खेलमा चितवन विजयी भएको छ । चितवन भेट्रान्सले सिमरा भेट्रान्सलाई ३-१ गेलले पराजित गरेको हो । चौथो खेलको म्यान अफ दि म्याच चितवनका रविद्र श्रेष्ठ घोषित भए । यस्तै मंगलबारको पाँचौ तथा अन्तिम खेलमा आयोजक हेटौंडा भेट्रान्स क्लबले नवजिवन जागृति भेट्रान्स सिमरालाई १-० गोलले पराजित गरेको छ । आजको अन्तिम खेलको म्यान अफ दि म्याच हेटौंडा भेट्रान्सका संजय थापा घोषित भए ।

२६ गतेसम्म चल्ने प्रतियोगितामा १८ क्लबको सहभागिता छ । स्वास्थ्यको लागि खेलकुद भन्ने नाराका साथ सुरु भएको प्रतियोगितामा ४५ वर्ष उमेर माथिका पूर्वखेलाडीको सहभागीता छ । प्रतियोगिताको विजेताले एक लाख एघार हजार एकसय १ रुपैयाँ र उपविजेताले पचपन्न हजार पाँच सय ५० रुपैयाँ प्राप्त गर्ने आयोजकले जनाएको छ । प्रतियोगितामा करीब १४ लाख रुपैया खर्च लाग्ने अनुमान गरिएको छ ।

प्रतियोगिता संचालनको लागि हेटौंडा उपमहानगर पालिकाबाट चार लाख र हेटौंडा स्कुल अफ म्यानेजमेन्टबाट एक लाख रुपैयाँ सहयोग प्राप्त भएको र अन्य रकम भने आन्तरीक रुपमा व्यवस्थापन गर्न लागिएको आयोजकले जनाएको छ । प्रतियोगितामा दर्शकलाई प्रवेश नि:शुल्क रहेको छ ।

# एकैदिन तीनवटा विद्यालय बालमैत्री घोषित

साझाकुरा संवाददाता

हेटौंडा, २२ फागुन/ हेटौंडा उपमहानगरपालिकाभित्रका तीनवटा विद्यालय मंगलबार एकैदिन बालमैत्री घोषणा भएका छन् । हेटौंडा उपमहानगरपालिकाको बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिकाले तोकेको सूचक पूरा गरेका दुईवटा सामुदायिक र एउटा संस्थागत विद्यालय बालमैत्री विद्यालय घोषित भएका हुन् ।

उपमहानगरले तोकेको ११ सूचक भित्रका २६ बुँदे कार्यहरु पूरा गरेका हेटौंडा–१६ स्थित जनप्रिय प्राविधिक विद्यालय, हेटौंडा–८ स्थित चन्द्रोदय माध्यमिक विद्यालय र हेटौंडा–२ स्थित बालजागृति ईंग्लिस सेकेण्डरी स्कुललाई बालमैत्री विद्यालयका रुपमा घोषणा गरिएको छ । छुट्टाछुट्टै रुपमा आयोजना गरिएको सबै विद्यालयको बालमैत्री घोषणा कार्यक्रममा उपमहानगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यता रहेको थियो ।

विद्यालयले दीर्घकालीन रुपमा कार्यान्वयनमा लैजाने गरी विद्यालयले कार्ययोजना बनाएर लागू गरेको जनप्रियका प्रधानाध्यापक भुपेन्द्र चौलागाईले बताए । कार्यक्रममा प्रधानाध्यापक चौलागाईले विद्यालयमा रहेको बालसमूहले गरेका गतिविधि समेटिएको प्रस्तुतीकरण राखेका थिए ।

मंगलबार नै हेटौंडा-८ स्थित चन्द्रोदय माध्यमिक विद्यालय पनि बालमैत्री घोषणा भएको छ । नगर शिक्षा विकास महाशाखाबाट फागुन २ गते नै बालमैत्री विद्यालय घोषणा मापदण्ड विद्यालयले पूरा गरेको प्रमाणपत्र प्राप्त भएको भएपनि विद्यालयको स्थापना दिवसको दिन पारेर बालमैत्री विद्यालय घोषणा गरिएको हो । चन्द्रोदयले २०७९ असार ३ गतेदेखि बालमैत्री विद्यालय बनाउन बालमैत्री सूचक कार्यान्वयनमा ल्याएको प्रधानाध्यापक जिधराज ढकालले बताए ।

यस्तै, हेटौंडा-२ बासुदेव मार्गस्थित बालजागृति बोर्डिङ स्कुल संस्थागततर्फ बालमैत्री विद्यालय बन्न सफल भएको छ । बाजागाजा सहित निकालिएको ऱ्यालीले नगरपरिक्रमा गरेको थियो । बालमैत्री विद्यालय घोषणा भएसँगै यसलाई निरन्तरता दिन विद्यालय प्रतिबद्द रहेको प्रिन्सीपल विनोद सुवेदीले बताए । हेटौंडा उपमहानगरपालिका भित्र सामुदायिक र संस्थागत गरी १ सय १२ विद्यालय छन् ।

# गर्भवती महिलालाई पौष्टिकआहार वितरण



साझाकुरा संवाददाता

हेटौंडा, २२ फागुन/ कैलाश गाउँपालिकाले गर्भवती महिलालाई पौष्टिकआहार वितरण गरेको छ । मंगलबार कैलाश-७, ताम्लाङस्थित डिको स्वास्थ्यचौकीमा स्थानीय गर्भवती महिलालाई विभिन्न १२ थरीका पौष्टिकप्रर्वद्धन कोसेली वितरण गरिएको हो ।

गर्भावस्थामा उचित पोषणको अभावका कारण आमा र जन्मने नवजात शिशुको स्वास्थ्यमा प्रतिकुल असर नपरोस् भनेर गर्भवती महिलालाई पौष्टिकआहार वितरण गरिएको गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानले बताए । गर्भवती आमा र गर्भमा रहेका बच्चालाई आवश्यक पर्ने कार्बोहाइडेड, प्रोटिन, भिटामिन र मिनरलयुक्त, गेडागुडी, सर्वोत्तम पीठो, हर्लिक्स, बदाम, ओखर, काजु, मासको दाल, कुखुराको अण्डालगायतका पौष्टिक आहार सम्मिलित प्याकेट वितरण गरिएको हो ।

अध्यक्ष मुक्तानका अनुसार, प्रत्येक महिना पालिकाभित्रका सबै वडाका गर्भवती महिलालाई पौष्टिकआहार वितरण गरिँदै आएको छ । पालिकाले विगत ३ दिनमा मात्रै ८० जना गर्भवती महिलाको स्वास्थ्य जाँच गर्नुको साथै पौष्टिक आहारको प्याकेट वितरण गरेको छ । त्यस्तै, गर्भवती महिलालाई प्रसुती गराउन अस्पतालसम्म पुऱ्याउन नि:शुल्क एम्बुलेन्स सेवाको व्यवस्था मिलाइएको छ ।

प्रसुती गराउन स्वास्थ्य चौकी आउने महिलालाई गाउँपालिकाले ४ हजार ८ सय रुपैयाँ, बच्चा र आमाको लागि न्यानो कपडा र अन्य राहत सामग्री वितरण गर्दै आएको अध्यक्ष मुक्तानले बताए । उनले बालविवाह न्यूनीकरण र मातृ तथा शिशु मृत्युदर रोक्नका लागि विभिन्न कार्यक्रम सञ्चालन भइरहेको समेत बताए । कार्यक्रममा कैलाश-७ का वडाध्यक्ष उदासकुमार भोलन, स्वास्थ्य शाखाप्रमुख कृष्णकुमार यादव, रिपोटर्स क्लब नेपाल मकवानपुरका अध्यक्ष बलराम पुडासैनी लगायतको उपस्थिति थियो ।

## टी-२० सिरिज :

# दबाबमा खेल्न नेपाललाई सधैं सकस

काठमाडौं/घरेलु टोली नेपालले त्रिकोणात्मक टी-२० सिरिजको उपाधि नेदरल्याण्ड्सलाई सुम्पिएको छ । सुरुवाती दुई खेल गुमाएको नेपाल लगातार दुई जित निकालेर फाइनलमा पुगेको थियो तर क्षमताअनुसार प्रदर्शन गर्न नसक्ने समस्या दोहोरिँदा उपाधि जित्न सकेन ।

त्रिवि क्रिकेट मैदानमा टस जित्ने टिमले पहिला बलिङ रोज्ने गर्छ । तर मंगलबार नेपालले टस जितेर पनि ब्याटिङ रोज्यो । कप्तान रोहित पौडेलका अनुसार विकेट राम्रो थियो र, कम्तीमा २०० रन बनाएर नेदरल्याण्ड्सलाई दबावमा राख्ने रणनीतिका साथ पहिला ब्याटिङ गर्ने सामूहिक निर्णय भयो ।

सुरुवात राम्रै थियो । चौथो ओभरमा गुग्टेनको बलमा ल्याप सट खेल्ने क्रममा कुशल भुर्तेल २० रनमा बोल्ड हुन पुगे, जतिबेला नेपालको स्कोर २३ रन थियो । त्यसपछि रोहित र आसिफ शेखले इनिङ उकास्दा ९ ओभरमा ८२-१ को अवस्थामा पुग्यो । माइकल लेभिटको १० औं ओभरको दोस्रो बलमा स्कुप खेल्न खोज्दा रोहित २५ रनमा विकेटकिपर स्कटबाट समातिन पुगे ।

१२ औं ओभरमा गुल्सन झाले शरिज अहमदलाई दुई छक्का हाने । १४ औं ओभरको चौथो बलमा आसिफ शेख लेभिटको बलमा ४७ रनमा एलबीडब्लू आउट भए । अर्को ओभरमा गुग्टेनले दीपेन्द्रलाई १ रनमा एलबीडब्लू आउट गरेपछि नेपाल दबाबमा पऱ्यो ।

१६औं ओभरमा साइब्रान्ड एंगेलब्रेक्टले मात्रै चार रन खर्चिए । उनी पार्टटाइम स्पिनर भएपनि नेपालले फाइदा लिन सकेन । १७ औं ओभरमा लेभिटलाई कुशल मल्लले लगातार तीन छक्का हाने । तर अर्को ओभरमा कुशल मल्ल क्याच आउट भए ।

ओभरको अन्तिम बलमा करण केसी आउट भए । १९ औं ओभरको पहिलो र दोस्रो बलमा फर्द क्लासेनले गुल्सन झा र आरिफ शेखको विकेट लिए । अन्तिम ओभरमा १० रन जोडेपछि नेपालले २० ओभरमा १८४ रन मात्र बनाउन सक्यो । जबकी नेपाली ब्याटरले मध्यक्रममा खुलेर खेल्न सकेको भए २०० रन सजिलै बनाउन सक्थे ।

१८५ रनको लक्ष्य पछ्याएको नेदरल्याड्सले भने सोचे जस्तो सुरुवात गऱ्यो । पहिलो बलमै लेभिटले करण केसीलाई डिप मिडविकेटमा छक्का हानेका थिए ।

उनले पहिलो विकेटका लागि म्याक्स ओडाउडसँग ८ ओभरमा ८३ रनको साझेदारी गर्दै राम्रो सुरुवात दिलाए । करण केसी, प्रतिश जीसी, दीपेन्द्रसिंह ऐरी, सोमपाल कामी र अविनाश बोहराले बलिङ गरेपनि विकेट लिन सकेनन् । नवौं ओभरमा कुशल मल्लले दुबै ओपनरलाई आउट गर्दै झिनो आशा देखाए ।

११औं ओभरमा देब्रेहाते ब्याट्सम्यान क्रिजमा रहेका बेला कुशल मल्ललाई बलिङ गराउने नेपालको निर्णय गलत साबित भयो । रोहितका अनुसार आफ्नो अघिल्लो ओभरमा कुशलले राम्रो गरेका थिए । तर यो ओभरमा उनले त्यसरी बलिङ गर्न सकेनन्, क्याच पनि छुट्यो । त्यसको फाइदा उठाएका बिक्रमजितको तीन छक्काको मद्दतमा नेदरल्याण्ड्सले २० रन जोड्यो ।

१६औं र १७औं ओभरमा विकेट गुमाएको नेदरल्याण्ड्सलाई अन्तिम ३ ओभरमा ४० रन चाहियो । १७ औं ओभरमा दीपेन्द्रले मात्र ४ रन दिएपछि खेलमा नेपालको सम्भावना देखिएको थियो । तर १८ औं ओभरमा अविनाश बोहरालाई साइब्रान्डले कुल २१ रन प्रहार गरेपछि खेल नेदरल्यान्ड्सको पक्षमा मोडिएको थियो ।

आजको खेलका डेथ ओभरमा योजनाअनुसार बलिङ हुन नसकेको कप्तान रोहितले स्वीकार गरे । डेथ ओभरमा बलिङ गर्नु सहज नभएको भन्दै उनले अगाडि भनेका छन्, 'अविनाश दाइमाथि भरोसा छ, आउने खेलहरुमा राम्रो गर्नु हुन्छ ।'

**विश्वकप अघि देखिएको कमजोरी**

नेपाल आगामी जुनमा अमेरिका र वेस्टइन्डिजमा हुने टी-२० विश्वकपको तयारीमा छ । विश्वकपमा समूह डीमा परेको नेपालले दक्षिण अफ्रिकासँगै बंगलादेश, श्रीलंका र नेदरल्यान्ड्ससँग खेल्नुपर्ने छ ।

समूहमा रहेका दक्षिण अफ्रिकासँगै बंगलादेश, श्रीलंका टेष्ट मान्यता प्राप्त देश हुन् । नेदरल्यान्ड्स एसोसिएटको शीर्ष वरियतामा रहेको टोली हो । अक्टोबर नोभेम्बरमा भारतमा सम्पन्न एकदिवसीय विश्वकपमा दक्षिण अफ्रिका र बंगलादेशलाई स्तब्ध पार्दै सनसनी मच्चाएको थियो । त्यसैले विश्वकपमा जित सहज छैन । त्यसलाई बुझेको नेपालले लिग टू खेल्न आएको नेदरल्याण्ड्स र नामिबियासँग घरेलु मैदानमा टी-२० आई सिरिज खेल्यो ।

नेदरल्याण्ड्ससँग पहिलो भेटमा २ रनले चुकेको नेपालले दोस्रो भेटमा ६ विकेटको शानदार जित निकालेको थियो । तर फाइनलमा नेपाल ४ विकेटले पराजित हुन पुग्यो ।

प्रमुख अलराउन्डर बास डि लिडे, तीव्र गतिका बलर पाउल भान मिर्केन, लोगन भान बिक, ब्याटर कोलिन एकरम्यान र टम कुपर विना नै नेदरल्याण्ड्सले नेपाललाई घरेलु मैदान र दर्शक सामू हराउँदै उपाधि जित्यो ।

नेपालले टी-२० सिरिजमा खेलेको ५ मध्ये दुई खेल जित्यो भने ३ वटामा हार व्यहोरेको छ । प्लेइङ ११ मा लगातार भएको परिवर्तनले पनि नजिता नेपालको पक्षमा नआएको देखिन्छ । यद्यपि टी-२० विश्वकपमा पुग्दासम्म नेपालको उत्कृष्ट टिम बनोस् भन्ने उद्देश्यका साथ गरिएको प्रयोगलाई अन्यथा भन्न मिल्दैन । *(स्रोत: अनलाइनखबर)*

# मकवानपुरमा मतदाता अद्यावधिक चैत तेस्रो सातासम्म

साझाकुरा संवाददाता

हेटौंडा, २२ फागुन/ मकवानपुरमा फागुन २८ गतेदेखि मतदाता नामावली अद्यावधिक गरिने भएको छ । फागुन २८ गतेदेखि चैत्र २२ गतेसम्म मतदाता नामावली अद्यावधिक गरिने मंगलबार आयोजित छलफल कार्यक्रममा जानकारी गराइएको छ ।

वैशाख १५ गते हुने उपनिर्वाचनलाई मध्यनजर गर्दै निर्वाचन आयोगले देशैभर मतदाता नामावली अद्यावधिक कार्य गर्न लागेको हो । जिल्लाका सबै वडाबाट नै मतदाता नामावलीमा दाबीविरोध सहित अद्यावधिक गर्न सकिने प्रदेश निर्वाचन कार्यालय बागमती प्रदेशका कार्यालय प्रमुख ताराप्रसाद आचार्यले जानकारी दिए ।

मतदाता नामावलीमा रहेको त्रुटि सच्याउने र कसैले झुटा विवरण दिएर नाम दर्ता गरेको भए सोको विरोधमा उजुरी दिने, एक भन्दा बढी स्थानमा नाम समावेश भए एक स्थानमा मात्रै कायम गर्ने, मृत्यु भएका वा नेपाली नागरिकता त्याग गरेकाको नाम मतदाता नामावलीबाट हटाउनका लागि सूचना दिने लगायतका कार्य अद्यावधिक कार्यक्रममा हुने प्रमुख आचार्यले बताए ।

जिल्ला प्रशासन कार्यालयमा भएको सरोकारवालासँग छलफल कार्यक्रममा मतदाता नामावली अद्यावधिक लगायत समसामयिक विषयमा छलफल गरिएको थियो । प्रमुख जिल्ला अधिकारी सेढाईंको अध्यक्षतामा भएको अन्तरक्रिया कार्यक्रममा सुरक्षा निकायका प्रमुख, विभिन्न राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधि, सञ्चारकर्मी लगायतको उपस्थिति रहेको थियो ।

भिजिट तथा पर्यटक भिसामा विदेश यात्रा गर्दा आवश्यक पर्ने कागजातहरु

अनुमति प्राप्त मुलुकहरुमा पर्यटकको रुपमा जाँदा भिजिट तथा पर्यटक भिसामा देहायका कागजात आवश्यक पर्दछ:

- कम्तीमा ६ महिनाको वैध अवधि भएको राहदानी,
- सम्बन्धित देशको प्रवेशाज्ञा (Visa),
- दुईतर्फी हवाई टिकट,
- भ्रमण अवधिभरको होटल बुकिङ वा आफन्तसँग बस्ने भए एकाघरका तीन पुस्ताभित्रको नाता खुल्ने प्रमाण,
- भ्रमण खर्च व्यहोर्ने संस्थाको निमन्त्रणा पत्र वा कम्तीमा ५०० अमेरिकी डलर बराबरको नगद सटहीको प्रमाण,

नेपाल सरकार
विज्ञापन बोर्ड

हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना